वर्ष ५ अंक ६

# अर्थ बुलेटिन

## *(आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक तथ्याङ्कमा आधारित)*

**प्रमुख झलकहरु**

- *पछिल्ला ३ वर्षमा विश्व अर्थतन्त्रको विस्तार क्रमशः सुस्त हुँदै गई सन् २०२४ मा २.४ प्रतिशतले विस्तार हुने अनुमान विश्व बैङ्कले गरेको छ। सन् २०२४ मा सार्क क्षेत्रका मुलुकहरुको अर्थतन्त्र ५.६ प्रतिशतले विस्तार हुने अनुमान छ जुन अन्य उदीयमान तथा विकासशील मुलुकहरुको अर्थतन्त्रको विस्तारको तुलनामा उच्च हो। सन् २०२४ मा नेपालको अर्थतन्त्र ३.९ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ।*
- *गत आर्थिक वर्षमा समग्र मूल्यस्तरमा देखिएको दबाव चालु आर्थिक वर्षका पछिल्ला महिनाहरुमा क्रमशः कम हुँदै गएको छ। २०७९ पौष महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ७.२६ प्रतिशत रहेकोमा २०८० पौषमा ५.२६ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा औसत उपभोक्ता मुद्रास्फीति ६.४७ प्रतिशत रहेको छ जुन चालु आर्थिक वर्षको बजेटले लिएको ६.५ प्रतिशतको लक्ष्य भित्र रहेको छ।*
- *चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा सार्वजनिक वित्तका परिसूचकहरु सामान्य रहेका छन्। गत आर्थिक वर्षमा संघीय सरकारले सङ्कलन गर्ने राजस्वको वृद्धिदर ऋणात्मक रहेकोमा चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा यस्तो राजस्व ९.७ प्रतिशतले बढेको छ। यस अवधिमा वित्तीय व्यवस्थातर्फको खर्चमा वृद्धि भएतापनि चालु र पूँजीगत खर्च तुलनात्मकरुपमा घटेको छ।*
- *स्रोत व्यवस्थापनको लागि सरकारले यस अवधिमा रू.१ खर्ब २८ अर्ब ३१ करोड बराबरको आन्तरिक ऋण परिचालन गरेको छ। सार्वजनिक ऋण परिचालनको कारण सरकारको सार्वजनिक ऋण दायित्व बढेर रू.२३ खर्ब ८४ अर्ब ४९ करोड पुगेको छ। वैदेशिक सहायता प्राप्ति घटेको छ। यस अवधिमा रू.५९ अर्ब ९८ करोड बराबरको वैदेशिक सहायता प्राप्त भएको छ ।*
- *करको दायरा विस्तार हुँदै गएको छ। स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ५९ लाख १७ हजार ९ सय ६२ पुगेको छ।*
- *यस अवधिमा कुल वस्तु निर्यात ७.२ प्रतिशतले घटेर रू.७४ अर्ब ९७ करोड पुगेको छ। वस्तु पैठारी ३.१ प्रतिशतले घटेको र विप्रेषण आय २५.३ प्रतिशतले बढेको कारण चालु खाता र शोधनान्तर स्थिति दुवै उच्च बचतमा रहेका छन्। फलस्वरुप, विदेशी मुद्रा सञ्चितिमा निरन्तर वृद्धि भई रु.१८ खर्ब १७ अर्ब कायम भएको छ। उक्त सञ्चिति १२.१ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त छ ।*
- *वैदेशिक रोजगारीमा जान नयाँ तथा अन्तिम श्रम स्वीकृति र पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या घटेको छ। पर्यटक आगमनमा उल्लेख्य वृद्धि भएको छ।*
- *यस अवधिमा वित्तीय क्षेत्रका परिसूचकहरु सकरात्मक रहेका छन्। वित्तीय पहुँचमा वृद्धि भएको छ। कर्जा र निक्षेपको भारित औसत ब्याजदर गत वर्षको तुलनामा घटेको छ। बीमा प्रिमियम संकलन बढेको छ। बैङ्क तथा वित्तीय संस्थासँग पर्याप्त तरलता रहेको छ। पुँजी बजार सुधारोन्मुख छ।*
- *यस अवधिमा रू.२२ अर्ब ३४ करोड बराबरको वैदेशिक लगानी उद्योग विभागबाट स्वीकृत भएको छ। त्यसैगरी १२ हजार ७ थप कम्पनी दर्ता भएका छन्।*
- *२०८० पौषसम्म कुल विद्युत २८२८.९९ मेगावाट विद्युत उत्पादन भई ९५.० प्रतिशत विद्युतीकरण कार्य सम्पन्न भएको छ।*

## विश्व एवम् सार्क क्षेत्र आर्थिक परिदृष्य

१. पछिल्ला ३ वर्षमा विश्व अर्थतन्त्रको विस्तार क्रमशः सुस्त हुँदै गई सन् २०२४ मा २.४ प्रतिशतले विस्तार हुने अनुमान छ। विशेषगरी, दशककै उच्च मुद्रास्फीति नियन्त्रण गर्न अवलम्बन गरिएको कसिलो मौद्रिक नीति र त्यसको प्रभाव (Lag Effect), साख सिर्जनामा देखिएको अवरोध र विश्व व्यापार तथा लगानीमा देखिएको सुस्तताको प्रभावस्वरुप विश्व अर्थतन्त्रको विस्तार तुलनात्मकरुपमा न्यून रहने अनुमान छ। प्रायः उदीयमान तथा विकासशील अर्थतन्त्रको विस्तारमा केही सुधार हुने अनुमान छ।

२. सन् २०२४ मा सार्क क्षेत्रका मुलुकहरुको अर्थतन्त्र ५.६ प्रतिशतले विस्तार हुने अनुमान छ जुन अन्य उदीयमान तथा विकासशील मुलुकहरुको अर्थतन्त्रको विस्तारको तुलनामा उच्च हो। सन् २०२३ मा सार्क क्षेत्रका मुलुकहरुमा यस्तो विस्तार ५.७ प्रतिशत रहेको अनुमान छ।

३. सन् २०२४ मा नेपालको अर्थतन्त्र ३.९ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ। सार्क क्षेत्रमा सबैभन्दा बढी भारतको अर्थतन्त्र ६.४ प्रतिशत र सबैभन्दा कम पाकिस्तान र श्रीलङ्काको समान १.७ प्रतिशतले विस्तार हुने अनुमान छ। सन् २०२५ मा भने नेपालको अर्थतन्त्र ५.० प्रतिशतले विस्तार हुने प्रक्षेपण विश्व बैङ्कले गरेको छ।

४. सार्वजनिक लगानीमा भएको वृद्धि र सेवा क्षेत्र चलायमान भएको कारण सन् २०२४ मा भारतको अर्थतन्त्रको विस्तार अन्य अर्थतन्त्रको तुलनामा उच्च रहने अनुमान छ। बाह्य क्षेत्रमा देखिएको कमजोर मागको कारण भारतको निकासीमा भने केही सुस्तता आउने अनुमान छ। उपभोक्ता मुद्रास्फीति भने लक्षित सीमा (२-६ प्रतिशत) भित्र नै रहने अनुमान छ।

तालिका (१) : विश्व आर्थिक वृद्धिदर (प्रतिशतमा)

| शीर्षक | यथार्थ | | अनुमानित | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | २०२१ | २०२२ | २०२३ | २०२४ | २०२५ |
| विश्व | ६.२ | ३.० | २.६ | २.४ | २.७ |
| विकसित अर्थतन्त्र | ५.५ | २.५ | १.५ | १.२ | १.६ |
| अमेरिका | ५.८ | १.९ | २.५ | १.६ | १.७ |
| यूरोपियन मुलुकहरु | ५.९ | ३.४ | ०.४ | ०.७ | १.६ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ७.० | ३.७ | ४.० | ३.९ | ४.० |
| पूर्वी एशिया र प्रशान्त क्षेत्र | ७.५ | ३.४ | ५.१ | ४.५ | ४.४ |
| चीन | ८.४ | ३.० | ५.२ | ४.५ | ४.३ |
| ल्याटिन अमेरिका र क्यारेबियन क्षेत्र | ७.२ | ३.९ | २.२ | २.३ | २.५ |
| मध्य पूर्व र उत्तर अफ्रिका | ३.८ | ५.८ | १.९ | ३.५ | ३.५ |
| दक्षिण एशिया | ८.३ | ५.९ | ५.७ | ५.६ | ५.९ |
| भारत | ९.१ | ७.२ | ६.३ | ६.४ | ६.५ |
| बङ्गलादेश | ६.९ | ७.१ | ६.० | ५.६ | ५.८ |
| माल्दिभ्स | ३७.७ | १३.९ | ६.५ | ५.२ | ५.५ |
| भुटान | -३.३ | ४.८ | ४.६ | ४.० | ४.६ |
| नेपाल | ४.८ | ५.६ | १.९ | ३.९ | ५.० |
| पाकिस्तान | ५.८ | ६.२ | -०.२ | १.७ | २.४ |
| श्रीलङ्का | ३.५ | -७.८ | -३.८ | १.७ | २.४ |
| सब-सहारा अफ्रिका | ४.४ | ३.७ | २.९ | ३.८ | ४.१ |

स्रोत: विश्व आर्थिक परिदृष्य, जनवरी २०२४, विश्व बैङ्क।

५. साख नियन्त्रण गर्न अवलम्बन गरिएको कसिलो मौद्रिक नीतिको कारण नेपालको अर्थतन्त्रको विस्तार आर्थिक वर्ष २०२२/२३ मा अपेक्षा गरिएभन्दा पनि न्यून रहन गयो। सन् २०२३ को जनवरीबाट पैठारीमा गरिएको नियन्त्रण हटाएपनि नेपालको अर्थतन्त्रमा यसको प्रभाव लामो समयसम्म पर्न गयो। फलस्वरुप, अर्थतन्त्रको विस्तार १.९

प्रतिशतमा सीमित रहन गयो। खाद्य तथा पेय पदार्थ समुहको मूल्य सूचकाङ्क उच्च रहेको कारण समग्र मूल्यस्तरमा समेत दबाव सिर्जना हुन गई उपभोक्ता मुद्रास्फीति उच्च रहन गयो। पछिल्लो समयमा अवलम्बन गरिएको लचिलो मौद्रिक नीति र आयातमा लगाइएको प्रतिबन्ध हटाएसँगै यसले पार्ने प्रभाव (Lag Effect) बाट औद्योगिक र सेवा क्षेत्रका क्रियाकलापहरुको विस्तारमा सहयोग पुग्ने अनुमानको आधारमा सन् २०२४ मा नेपालको अर्थतन्त्र ३.९ प्रतिशत र सन् २०२५ मा ५.० प्रतिशतले विस्तार हुने प्रक्षेपण विश्व बैङ्कले गरेको छ।

६. चालु आर्थिक वर्षमा नेपाल सरकारले ६.० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएको छ। पहिलो अर्धवार्षिक आर्थिक परिदृष्यको आधारमा लक्षित वृद्धिदर हासिल गर्न केही चुनौती देखिएपनि चालु आर्थिक वर्षका लागि सरकारले अवलम्बन गरेका नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनबाट आर्थिक क्रियाकलापमा गतिशिलता आई लक्षित वृद्धिदर हासिल गर्न सहयोग पुग्ने देखिन्छ।

## राष्ट्रिय अर्थतन्त्र

### कृषि

७. चालु आर्थिक वर्षमा धानको उत्पादन ४.३ प्रतिशतले वृद्धि भई ५७ लाख २४ हजार २ सय ३४ मेट्रिक टन पुगेको छ जुन विगत ४ वर्षको औसत उत्पादनको तुलनामा ५.१ प्रतिशतले बढी हो। चालु आर्थिक वर्षमा धानको उत्पादकत्व गत आर्थिक वर्षको ३.७९ मेट्रिक टन प्रति हेक्टरमा ४.९७ प्रतिशतले वृद्धि भई ३.९८ मेट्रिक टन प्रति हेक्टर पुगेको छ।

८. ऊन्नत बिउबीजनको उपलब्धता र प्रयोग, रोग किराको प्रकोपमा कमी, प्राकृतिक प्रकोपबाट धान बालीमा भएको क्षतिमा कमी, मलखादको उपलब्धतामा आएको सुधार, कृषि औजार र प्रविधिको बढ्दो प्रयोग, सिँचित भूमिको क्षेत्रफलमा भएको विस्तार, मौसम अनुकुलता जस्ता कारणले चालु आर्थिक वर्षमा धान लगायत अन्य खाद्यान्न बालीको उत्पादन बढ्ने अनुमान रहेको छ। कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिमा धानको हिस्सा प्रमुख रहेको र धानको उत्पादन बढेकोले चालु आर्थिक वर्षमा समग्र कृषि क्षेत्रको वृद्धिदर तुलनात्मकरुपमा उच्च रहने र यसको सकरात्मक प्रभाव कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (आर्थिक वृद्धिदर) मा पर्ने अनुमान छ।

### उद्योग

९. चालु आर्थिक वर्षमा ९०० मेगावाट क्षमताको थप जलविद्युत उत्पादन भई राष्ट्रिय प्रसारण लाइनमा जोडिने सम्भावना उच्च रहेको छ। पछिल्लो समयमा निर्माण क्षेत्रका गतिविधिमा समेत क्रमशः सुधार हुँदै गएको छ। उत्पादनमूलक उद्योगको सञ्चालनमा क्रमशः सुधार हुँदै गएको छ। फलस्वरुप, चालु आर्थिक वर्षमा समग्र उद्योग क्षेत्रका गतिविधिहरुमा गतिशिलता आई लक्षित आर्थिक वृद्धिदर हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

### सेवा क्षेत्र

१०. पछिल्लो समयमा सरकारले गरेको नीतिगत परिवर्तनको कारण घरजग्गा कारोबारमा सुधार हुँदै गएको र आगामी महिनामा यस्तो कारोबारले थप गति लिदैं जाने अनुमान रहेको छ। कोभिड-१९ को महामारीको कारण शिथिल रहेको पर्यटन क्षेत्रका गतिविधिहरुमा पछिल्लो समयमा भने उल्लेख्य विस्तार भएकोले सन् २०२३ मा नेपाल भित्रिने पर्यटकको सङ्ख्या १० लाख नाघेको छ र आगामी महिनाहरुमा समेत यसले थप गति लिदैं जाने अनुमान गरिएको छ। यसबाट होटल व्यवसाय, यातायात लगायतका क्षेत्रहरुमा समेत सकरात्मक प्रभाव पर्ने अनुमान रहेको छ।

११. बैङ्किङ्ग क्षेत्रमा पर्याप्त तरलता रहेको कारण निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जामा अपेक्षित वृद्धि हुने अपेक्षा गरिएको छ। शिक्षा, स्वास्थ्य, थोक तथा खुद्रा व्यापार लगायतका सेवाका क्षेत्रहरुमा समेत सामान्य विस्तार हुने अनुमान छ।

फलस्वरुप, समग्र सेवा क्षेत्रका गतिविधिहरुमा विस्तार भई लक्षित आर्थिक वृद्धिदर हासिल गर्न सहयोग पुग्ने अनुमान गरिएको छ।

## समग्र मुल्य स्थिति

१२. गत आर्थिक वर्षमा समग्र मूल्यस्तरमा देखिएको दबाव चालु आर्थिक वर्षका पछिल्ला महिनाहरुमा क्रमशः कम हुँदै गएको छ। २०७९ पौष महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ७.२६ प्रतिशत रहेकोमा २०८० पौषमा ५.२६ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षको कार्तिक देखि उपभोक्ता मुद्रास्फीति वाञ्छित सीमाभित्र रहेको कारण समग्र मूल्यस्तरमा देखिएको दबाव न्यून हुँदै गएको छ।


तालिका (२) : तीन वर्षको मासिक उपभोक्ता मुद्रास्फीति (प्रतिशतमा)

| महिना | २०७८/७९ | २०७९/८० | २०८०/८१ | कैफियत |
|---|---|---|---|---|
| साउन | ४.३५ | ८.२६ | ७.५२ | चालु आर्थिक वर्षमा उपभोक्ता मुद्रास्फीतिलाई ६.५ प्रतिशत भित्र सीमित गर्ने लक्ष्य लिइएकोमा पौषसम्म ६ महिनाको अवधिमा यस्तो मुद्रास्फीति ६.४७ प्रतिशत अर्थात लक्षित सीमाभित्र रहेको छ। |
| भदौ | ३.४९ | ८.६४ | ८.१९ | |
| असोज | ४.२४ | ८.५० | ७.५० | |
| कार्तिक | ६.०४ | ८.०८ | ५.३८ | |
| मंसिर | ७.११ | ७.३८ | ४.९५ | |
| पौष | ५.६५ | ७.२६ | ५.२६ | |
| ६ महिनाको औसत | ५.१५ | ८.०२ | ६.४७ | |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०

१३. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा औसत उपभोक्ता मुद्रास्फीति ६.४७ प्रतिशत रहेको छ जुन चालु आर्थिक वर्षको बजेटले लिएको ६.५ प्रतिशतको लक्ष्य भित्र रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ८.०२ प्रतिशत रहेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८० पौषमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.७७ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.८५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहहरुको मुद्रास्फीति क्रमशः ५.६२ प्रतिशत र ८.५७ प्रतिशत रहेको थियो।


चार्ट (१) : तीन वर्षको मासिक उपभोक्ता मुद्रास्फीति (प्रतिशतमा)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०।

१४. पछिल्लो ५ वर्षमा २०७७ पौषमा उपभोक्ता मुद्रास्फीति सबैभन्दा न्यून ३.६ प्रतिशत र २०७९ पौषमा सबैभन्दा बढी ७.३ प्रतिशत रहेको थियो। त्यसैगरी खाद्य तथा पेय पदार्थतर्फको मुद्रास्फीति २०७७ पौषमा सबैभन्दा न्यून ३.० प्रतिशत र २०७९ पौषमा सबैभन्दा बढी ८.६ प्रतिशत रहेको थियो। गैरखाद्य तथा सेवा क्षेत्रतर्फको मुद्रास्फीति २०७७ पौषमा सबैभन्दा न्यून ४.३ प्रतिशत र २०७६ पौषमा सबैभन्दा बढी १०.२ प्रतिशत रहेको थियो।

चार्ट (२) : वार्षिक विन्दुगत आधारमा पौष महिनाको उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०।

## थोक मुद्रास्फीति र तलब तथा ज्यालादर सूचकाङ्क

१५. वार्षिक विन्दुगत आधारमा २०८० पौषमा थोक मुद्रास्फीति ३.३६ प्रतिशत रहेको छ। २०७९ पौषमा यस्तो मुद्रास्फीति ९.८२ प्रतिशत रहेको थियो।

१६. वार्षिक विन्दुगत आधारमा २०८० पौषमा तलब तथा ज्यालादर सूचकाङ्क ५.५६ प्रतिशतले बढेको छ। २०७९ पौषमा यस्तो सूचकाङ्क १०.२७ प्रतिशतले बढेको थियो।

## सार्वजनिक वित्त

१७. चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा सार्वजनिक वित्तका परिसूचकहरु सामान्य रहेका छन्। गत आर्थिक वर्षमा संघीय सरकारले सङ्कलन गर्ने राजस्वको वृद्धिदर ऋणात्मक रहेकोमा चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा यस्तो राजस्व ९.७ प्रतिशतले बढेको छ। यस अवधिमा वित्तीय व्यवस्थातर्फको खर्चमा वृद्धि भएतापनि चालु र पूँजीगत खर्च अपेक्षितरुपमा हुन सकेको छैन। स्रोत व्यवस्थापनको लागि सरकारले यस अवधिमा रू.१ खर्ब २८ अर्ब ३१ करोड बराबरको आन्तरिक ऋण परिचालन गरेको छ। सार्वजनिक ऋण परिचालनको कारण सरकारको सार्वजनिक ऋण दायित्व बढेर रू.२३ खर्ब ८४ अर्ब ४९ करोड पुगेको छ।

## संघीय खर्च

१८. आर्थिक वर्ष २०८०/८१ को पौषसम्म संघीय खर्च गत आर्थिक वर्षको सोही अवधिको रु.५ खर्ब ७६ अर्ब ३५ तुलनामा ०.४७ प्रतिशतले कमी आई रू.५ खर्ब ७३ अर्ब ६३ करोड रहेको छ। कुल संघीय खर्च वार्षिक विनियोजनको ३२.७५

प्रतिशत रहेको छ। कुल खर्च मध्ये चालु खर्च रु.४ खर्ब ४३ अर्ब ५ करोड, पूँजीगत खर्च रु.५० अर्ब ४५ करोड र वित्तीय व्यवस्थातर्फ रु.८० अर्ब १४ करोड रहेको छ।

१९. यस अवधिको चालु र पूँजीगत खर्च क्रमशः २.६६ प्रतिशत र ५.६२ प्रतिशतले घटेपनि वित्तीय व्यवस्थातर्फको खर्च १८.२५ प्रतिशतले बढेको छ। वार्षिक विनियोजनको तुलनामा यस अवधिको चालु, पूँजीगत र वित्तीय व्यवस्था तर्फको खर्च क्रमशः ३८.८ प्रतिशत, १६.७ प्रतिशत र २६.१ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० को पौषसम्म चालु, पूँजीगत र वित्तीय व्यवस्था तर्फको खर्च वार्षिक विनियोजनको क्रमशः ३८.५ प्रतिशत, १४.१ प्रतिशत र २९.४ प्रतिशत रहेको थियो।

**तालिका (३) : पछिल्लो ५ वर्षको पौषसम्मको संघीय खर्चको स्थिति** (रू. करोडमा)

| खर्च शीर्षक | पौषसम्म | | | | | वृद्धिदर | |
|---|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७९/८० | २०८०/८१ |
| चालु खर्च | ३०९६५.१ | ३४२३५.६ | ४०६४९.८ | ४५५१३.९२ | ४४३०४.८७ | ११.९७ | -२.६६ |
| पुँजीगत खर्च | ६३२०.४ | ५०८१.६९ | ५०८१.० | ५३४५.५२ | ५०४४.८८ | ५.२१ | -५.६२ |
| वित्तीय व्यवस्था | ३७६६.८ | २२५७.२२ | ४९४७.५ | ६७७६.५४ | ८०१३.५४ | ३६.९७ | १८.२५ |
| **कुल संघीय खर्च** | **४१०५२.३** | **४१५७४.५** | **५०६७८.३** | **५७६३५.९८** | **५७३६३.२९** | **१३.७३** | **-०.४७** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८०।

२०. यस अवधिको कुल संघीय खर्चमध्ये सबैभन्दा बढी खर्चभार असोज महिनामा ०.२६ अर्थात २६.० प्रतिशत रहेको छ भने सबैभन्दा कम खर्चभार साउन महिनामा ०.०६ अर्थात ६.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको पौषसम्म विनियोजित बजेटको ३२.१३ प्रतिशत खर्च भएको थियो।

२१. यस अवधिको कुल चालु खर्चमध्ये सबैभन्दा बढी खर्चभार असोज महिनामा २८.० प्रतिशत र कुल पुँजीगत खर्चमध्ये सबैभन्दा बढी खर्चभार पौष महिनामा ०.२९ अर्थात २९.० प्रतिशत रहेको छ। त्यसैगरी, वित्तीय व्यवस्थातर्फ सबैभन्दा बढी खर्चभार पौष महिनामा २९.० प्रतिशत रहेको छ।

**तालिका (४) : चालु आर्थिक वर्षको पौषसम्मको मासिक खर्च स्थिति** (रू. करोडमा) **र खर्च भार**

| महिना | चालु खर्च | खर्चभार | पुँजीगत खर्च | खर्चभार | वित्तीय व्यवस्था | खर्चभार | कुल संघीय खर्च | खर्चभार |
|---|---|---|---|---|---|---|---|---|
| साउन | १२१३.५८ | ०.०३ | ८२.३१ | ०.०२ | २२०७.८१ | ०.२८ | ३५०३.७० | ०.०६ |
| भदौ | ७५५२.७७ | ०.१७ | ७३४.०८ | ०.१५ | १३२३.५८ | ०.१७ | ९६१०.४३ | ०.१७ |
| असोज | १२५७२.६९ | ०.२८ | ९६६.९२ | ०.१९ | १४०३.५१ | ०.१८ | १४९४३.१२ | ०.२६ |
| कार्तिक | ५७७८.४३ | ०.१३ | १२१५.६३ | ०.२४ | ५१२.०९ | ०.०६ | ७५०६.१५ | ०.१३ |
| मंसिर | ८८८२.१० | ०.२० | ६०७.०९ | ०.१२ | २४६.९८ | ०.०३ | ९७३६.१७ | ०.१७ |
| पौष | ८३०५.३० | ०.१९ | १४३८.८५ | ०.२९ | २३१९.५७ | ०.२९ | १२०६३.७२ | ०.२१ |
| **जम्मा** | **४४३०४.८७** | **१.००** | **५०४४.८८** | **१.००** | **८०१३.५४** | **१.००** | **५७३६३.२९** | **१.००** |


स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०।

२२. वन क्षेत्रको उपयोग, जग्गा प्राप्ति र मुआब्जा लगायतका विषयहरु टुङ्गो नलागेका आयोजनामा समेत बजेट विनियोजन हुनु, बजेट कार्यान्वयन कार्ययोजनानुसार बजेट कार्यान्वयन हुन नसक्नु, तीन तहका सरकार बीच पर्याप्त समन्वय नहुनु, कतिपय क्षेत्रको बजेट विनियोजनमा देखिएको दोहोरोपना लगायतको कारण अपेक्षाकृतरुपमा पूँजीगत खर्च बढ्न सकेको छैन।

## राजस्व परिचालन

२३. आर्थिक वर्ष २०७९/८० को पौषसम्म संघीय सरकारको कुल राजस्व रू.४ खर्ब ९६ अर्ब ५० करोड रहेको छ। यो राजस्व गत आर्थिक वर्षको सोही अवधिको राजस्वको तुलनामा ९.७ प्रतिशतले बढी हो। कुल राजस्वमा कर राजस्व रू.४ खर्ब ४३ अर्ब ५५ करोड र गैरकर राजस्व रू.५२ अर्ब ९५ करोड रहेको छ। यस अवधिमा कुल राजस्व र अन्य प्राप्ति सहित कुल प्राप्ति रू.५ खर्ब १५ अर्ब ४० करोड रहेको छ।

**चार्ट (३) : ५ वर्षको पौष महिनासम्मको राजस्व सङ्कलनको प्रवृत्ति** (रू.करोडमा) **र वृद्धिदर** (प्रतिशतमा)




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय,२०८०।

२४. चालु आर्थिक वर्षको ६ महिनामा संकलित कुल राजस्वमा सबैभन्दा बढी अंश मूल्य अभिवृद्धि करको २८.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भन्सार महशुल, आयकर, अन्यकर (शिक्षा सेवा शुल्क) र गैरकर राजस्वको अंश बढेको छ भने मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र अन्य कर राजस्वको अंश घटेको छ। कुल राजस्वमा कर राजस्वको अंश ८९.३ प्रतिशत रहेको छ। यस अवधिमा कुल राजस्वमध्ये कर राजस्वको हिस्सामा सिमान्त कमी आएको छ।


**तालिका (५) : ७ वर्षको पौष महिनासम्म शीर्षकगत राजस्व सङ्कलन** (रू. करोडमा)
**र राजस्व संरचना** (प्रतिशतमा)

| आर्थिक वर्ष | भन्सार महशुल | मू.अ.कर | अन्तःशुल्क | आयकर | अन्य कर | कर राजस्व | गैरकर | कुल राजस्व |
|---|---|---|---|---|---|---|---|---|
| २०७४/७५ | ६,१९५.१ | ९,२४०.७ | ४,६९७.९ | ७,२००.१ | २,३६२.३ | २९,६९६.२ | ३,८१३.८ | ३३,५१०.० |
| *राजस्वमा अंश* | *१८.५* | *२७.६* | *१४.०* | *२१.५* | *७.०* | *८८.६* | *११.४* | *१००.०* |
| २०७५/७६ | ७,९६४.१ | ११,७१०.० | ६,१५०.६ | ८,६४२.८ | १,२८७.० | ३५,७५४.६ | ३,७०८.९ | ३९,४६३.५ |
| *राजस्वमा अंश* | *२०.२* | *२९.७* | *१५.६* | *२१.९* | *३.३* | *९०.६* | *९.४* | *१००.०* |
| २०७६/७७ | ७,७९२.५ | १२,६७५.४ | ६,३६४.५ | ११,२५९.८ | १,१०५.३ | ३९,१९७.५ | ४,१२६.८ | ४३,३२४.३ |
| *राजस्वमा अंश* | *१८.०* | *२९.३* | *१४.७* | *२६.०* | *२.६* | *९०.५* | *९.५* | *१००.०* |
| २०७७/७८ | १०००५.९ | १२,५२३.६ | ६,१९२.८ | ९,९१४.८ | १६.४ # | ३८,६५३.४ | ३,५७०.२ | ४२,२२३.६ |
| *राजस्वमा अंश* | *२३.७* | *२९.७* | *१४.७* | *२३.५* | *०.०४* | *९१.५* | *८.५* | *१००.०* |
| २०७८/७९ | १३,०६५.० | १५,५५९.७ | ८,५२३.२ | १२,२२३.१ | २८.३ # | ४९,३९९.३ | ४,८०६.२ | ५४,२०५.४ |
| *राजस्वमा अंश* | *२४.१* | *२८.७* | *१५.७* | *२२.५* | *०.१* | *९१.१* | *८.९* | *१००.०* |
| २०७९/८० | ८५७८.७ | १३१४४.५ | ७०५१.० | ११६७९.० | ७३.७# | ४०५२६.९ | ४७४३.४ | ४५२७०.३ |
| *राजस्वमा अंश* | *१८.९* | *२९.०* | *१५.६* | *२५.८* | *०.२* | *८९.५* | *१०.५* | *१००.०* |
| २०८०/८१ | ९५८३.३ | १४१५४.७ | ६८६६.५ | १३५९१.९ | १५८.८# | ४४३५५.२ | ५२९४.८ | ४९६५०.० |
| *राजस्वमा अंश* | *१९.३* | *२८.५* | *१३.८* | *२७.४* | *०.३* | *८९.३* | *१०.७* | *१००.०* |

स्रोतः अर्थ मन्त्रालय।   # आर्थिक वर्ष २०७७/७८ देखि अन्य कर शीर्षक अन्तर्गत शिक्षा सेवा शुल्क मात्र समावेश गरिएको छ।

२५. चालु आर्थिक वर्षको पौषसम्म संकलित कुल राजस्व मध्ये कर राजस्व र गैरकर राजस्वको हिस्सा क्रमशः ८९.३ प्रतिशत र १०.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ८९.५ प्रतिशत र १०.५ प्रतिशत रहेको थियो। कुल राजस्वमा मूल्य अभिवृद्धि कर, आयकर, भन्सार महशुल र अन्तःशुल्कको हिस्सा क्रमशः २८.५ प्रतिशत, २७.४ प्रतिशत, १९.३ प्रतिशत र १३.८ प्रतिशत रहेको छ।

**चार्ट (४) : चालु आर्थिक वर्षको ६ महिनाको राजस्व संरचना**




स्रोतः अर्थ मन्त्रालय, २०८०।

२६. चालु आर्थिक वर्षको पौषसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा अन्तःशुल्क बाहेक राजस्वका सवै शीर्षकहरुमा वृद्धि भएको छ। यस अवधिमा अन्तःशुल्क २.६२ प्रतिशतले घटेपनि अन्तःशुल्क पैठारी उपशीर्षकको राजस्व भने १३.६५ प्रतिशतले बढेको छ। यस अवधिमा भन्सार महशुल ११.७१ प्रतिशत, मूल्य अभिवृद्धि कर ७.६९ प्रतिशत, र आयकर १६.३८ प्रतिशतले वृद्धि भएको छ। समग्रमा कर राजस्व ९.४५ प्रतिशत र गैरकर राजस्व ११.६२ प्रतिशतले बढेको छ। अन्य प्रासिमा ३९.१५ प्रतिशतले सङ्कुचन भएको छ।

**तालिका (६) : राजस्व लक्ष्य र असुलीको विवरण**

| राजस्च शीर्षक | आर्थिक वर्ष २०८०/८१ को वार्षिक लक्ष्य | पौषसम्मको राजस्व असुली | | राजस्व वृद्धिदर २०८०/८१ | आर्थिक वर्ष २०८०/८१ को पौषसम्मको लक्ष्य | पौषसम्मको लक्ष्यको तुलनामा असूली |
|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | | | |
| | रू. करोडमा | | | प्रतिशतमा | रू. करोडमा | प्रतिशतमा |
| भन्सार महशुल | ३०७४३.७७ | ८५७८.७३ | ९५८३.३२ | ११.७१ | १६०१३.५२ | ५९.८५ |
| मूल्य अभिवृद्धि कर | ४२५८९.१४ | १३१४४.५० | १४१५४.७१ | ७.६९ | १९२८१.५१ | ७३.४१ |
| उत्पादन, बिक्री र सेवा | १५७२१.६२ | ५११६.६१ | ५५५२.०२ | ८.५१ | ७०६१.८९ | ७८.६२ |
| पैठारी | २६८६७.५२ | ८०२७.८९ | ८६०२.६९ | ७.१६ | १२२१९.६२ | ७०.४० |
| अन्तःशुल्क | २०७२२.१४ | ७०५०.९९ | ६८६६.५१ | -२.६२ | ९३७२.१० | ७३.२७ |
| आन्तरिक उत्पादन | १५५५८.५५ | ५४३७.१८ | ५०३२.३८ | -७.४५ | ६९८८.६४ | ७२.०१ |
| पैठारी | ५१६३.५९ | १६१३.८१ | १८३४.१३ | १३.६५ | २३८३.४६ | ७६.९५ |
| शिक्षा सेवा शुल्क | २८१.०२ | ७३.६७ | १५८.७६ | ११५.४९ | १२६.२३ | १२५.७७ |
| आयकर | ३६२११.८९ | ११६७९.०४ | १३५९१.९० | १६.३८ | १६२६५.७८ | ८३.५६ |
| आयकर | ३०२३१.६२ | ९९९८.७४ | ११७०२.४५ | १७.०४ | १३५७९.५४ | ८६.१८ |
| ब्याज कर | ५९८०.२७ | १६८०.३० | १८८९.४५ | १२.४५ | २६८६.२४ | ७०.३४ |
| कर राजस्व | १३०५४७.९६ | ४०५२६.९३ | ४४३५५.२० | ९.४५ | ६१०५९.१५ | ७२.६४ |
| गैर कर | ११७०६.२१ | ४७४३.४१ | ५२९४.७८ | ११.६२ | ५७५७.७४ | ९१.९६ |
| कुल राजस्व | १४२२५४.१७ | ४५२७०.३५ | ४९६४९.९८ | ९.६७ | ६६८१६.८९ | ७४.३१ |
| अन्य प्राप्ति | - | ३१०५.७० | १८८९.७८ | -३९.१५ | - | - |
| **जम्मा** | **१४२२५४.१७** | **४८३७६.०५** | **५१५३९.७६** | **६.५४** | **६६८१६.८९** | **७७.१४** |

स्रोतः अर्थ मन्त्रालय, २०८०।

२७. चालु आर्थिक वर्षको पौषसम्मको शीर्षकगत लक्ष्यमा शिक्षा सेवा शुल्कमा बाहेक अन्य शीर्षकमा राजस्व लक्ष्य भन्दा न्यून सङ्कलन भएको छ। समग्रमा राजस्व लक्ष्यको ७४.३ प्रतिशत असुली भएको छ।

२८. यस अवधिमा मूल्य अभिवृद्धि करको पैठारी र अन्तःशुल्कको आन्तरिक उत्पादन उपशीर्षकहरुमा समेत राजस्व सङ्कलन लक्ष्यको तुलनामा उच्च रहेको छ।

२९. यस अवधिमा भन्सार बिन्दुमा सङ्कलन भएको कर राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९.८८ प्रतिशतले बढेर रू.२ खर्ब २० करोड र आन्तरिकतर्फको कर राजस्व ९.०९ प्रतिशतले बढेर रू.२ खर्ब ४३ अर्ब ३५ करोड पुगेको छ। यस अवधिको संकलित कर राजस्वमा आन्तरिकतर्फ सङ्कलन भएको कर राजस्वको अंश ५४.९ प्रतिशत रहेको छ।


**तालिका (७) : चालु आर्थिक वर्षको पौष महिनासम्मको मासिक राजस्व परिचालन** (रू. करोडमा)

| राजस्व शीर्षक | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पौष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| भन्सार महशुल | १४६५.२ | १५५३.० | १९४५.४ | ११५४.५ | १८४१.३ | १६२३.९ | ९५८३.३ |
| मूल्य अभिवृद्धि कर | २३८६.७ | २०८२.६ | २४४०.० | १८२४.० | २८०२.० | २६१९.५ | १४१५४.७ |
| अन्तःशुल्क | ११०३.१ | १०२८.१ | १३४०.४ | ९७४.२ | १२२१.५ | ११९९.२ | ६८६६.५ |
| आयकर | २०३३.६ | १०८२.६ | १३९०.६ | १५०५.४ | २४०९.९ | ५१६९.८ | १३५९१.९ |
| शिक्षा सेवा शुल्क | २९.० | ३१.९ | ३४.२ | २५.९ | १३.६ | २४.१ | १५८.८ |
| **कर राजस्व** | **७०१७.५** | **५७७८.२** | **७१५०.५** | **५४८४.०** | **८२८८.५** | **१०६३६.५** | **४४३५५.२** |
| गैरकर राजस्व | ८६९.९ | ४४२.२ | ६५३.२ | २६८.५ | ३९०.५ | २६७०.५ | ५२९४.८ |
| **कुल राजस्व** | **७८८७.४** | **६२२०.३** | **७८०३.८** | **५७५२.५** | **८६७८.९** | **१३३०७.१** | **४९६५०.०** |
| अन्य प्राप्ति | ९२६.५ | ३८९.४ | २२९.७ | ८०.२ | १४७.९ | ११६.१ | १८८९.८ |
| **कुल प्राप्ति** | **८८१३.९** | **६६०९.७** | **८०३३.५** | **५८३२.७** | **८८२६.८** | **१३४२३.२** | **५१५३९.८** |

स्रोतः अर्थ मन्त्रालय, २०८०।

३०. चालु आर्थिक वर्षको पहिलो ६ महिनाको कुल राजस्व परिचालनमा पौष महिनामा मात्र सङ्कलन भएको राजस्वको अंश २६.८ प्रतिशत रहेको छ। पौष महिनामा कर राजस्व २४.० प्रतिशत सङ्कलन भएको छ। आयकर परिचालन पौष र भन्सार महशुल तथा अन्तःशुल्क सङ्कलन असोज महिनामा उच्च रहेको छ भने मूल्य अभिवृद्धि करको सङ्कलन मंसिर महिनामा उच्च रहेको छ। पौष महिनामा मात्र गैरकर राजस्व ५०.० प्रतिशत भन्दा बढी सङ्कलन भएको छ।

**चार्ट (५) : चालु आर्थिक वर्षको पौषसम्मको मासिक राजस्व परिचालनको स्थिति** (रू. करोडमा)




स्रोतः अर्थ मन्त्रालय, २०८०।

## संघीय राजस्व

३१. चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनामा संघीय राजस्व (बाँडफाँट अघिको रोयल्टी समेत) अघिल्लो आर्थिक वर्षको सोही अवधिको रू.३ खर्ब ९६ अर्ब ७० करोडको तुलनामा १०.६ प्रतिशतले वृद्धि भई रू.४ खर्ब ३८ अर्ब ९४ करोड पुगेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको पौषसम्मको रू.५५ अर्ब ७५ करोडको तुलनामा ३.३ प्रतिशतले वृद्धि भई रू.५७ अर्ब ५६ करोड रहेको छ।

## करको दायरा विस्तार

३२. २०८० पौषसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल सङ्ख्या ५९ लाख १७ हजार ९ सय ६२ पुगेको छ। यस अवधिसम्म दर्ता भएका कुल करदातामध्ये व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १९ लाख ३६ हजार ५ सय ८८ (३२.७ प्रतिशत), व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ३९ लाख ५० हजार ३ सय ५ (६६.८ प्रतिशत) र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ३१ हजार ६९ (०.५ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या ३ लाख २२ हजार २ सय ६ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २२ हजार ३ सय ७७ पुगेको छ।

### तालिका (८) : व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०८० असारसम्म | २०७९/८० को पौषसम्ममा थप | २०८०/८१ को पौषसम्ममा थप | प्रतिशत परिवर्तन | २०८० पौषसम्म |
|---|---|---|---|---|---|
| व्यवसायिक स्थायी लेखा नम्बर (BPAN) | १८७६३०५ | ७८०३७ | ६०२८३ | -२२.८ | १९३६५८८ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ३६४९६१४ | २९५३४३ | ३००६९१ | १.८ | ३९५०३०५ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | २८१०७ | ५५६८ | २९६२ | -४६.८ | ३१०६९ |
| **जम्मा स्थायी लेखा नम्बर #** | ५५५४०२६ | ३७८९४८ | ३६३९३६ | -४.० | ५९१७९६२ |
| मू.अ.कर | ३०८४७७ | १२२३६ | १३७२९ | १२.२ | ३२२२०६ |
| अन्तः शुल्क | ११६६७५ | ६६६० | ५७०२ | -१४.४ | १२२३७७ |

स्रोतः राजस्व व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालय, २०८०।

# स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

३३. चालु आर्थिक वर्षको पौष मसान्तसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा स्थायी लेखा नम्बर लिने करदाताको संङ्ख्या ४.० प्रतिशतले घटेको छ। यस अवधिमा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेको छ भने व्यवसायिक स्थायी लेखा नम्बर र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर सङ्ख्या तुलनात्मक रुपमा घटेको छ। त्यस्तै, मूल्य अभिवृद्धि करमा दर्ता हुने करदाताको सङ्ख्या १२.२ प्रतिशतले बढेको छ भने अन्तशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १४.४ प्रतिशतले घटेको छ।

३४. मासिकरुपमा विश्लेषण गर्दा थप स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या सवैभन्दा उच्च साउन महिनामा रहेको छ भने कार्तिक महिनामा यस्तो सङ्ख्या सबैभन्दा न्यून रहेको छ।

### तालिका (९) : चालु आर्थिक वर्षको ६ महिनामा थप स्थायी लेखा नम्बर लिने करदाताको मासिक विवरण

| विवरण | साउन | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| **कुल स्थायी लेखा नम्बर (थप भएको)** | **७७१९३** | **६१४६१** | **७५३५४** | **२९३१२** | **५६७८२** | **६३८३४** | **३६३९३६** |
| व्यवसायिक स्थायी लेखा नम्बर | १३९७९ | १०५४६ | १२३६९ | ४९३९ | ८६३३ | ९८१७ | ६०२८३ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ६२३३३ | ५०३९६ | ६२४४७ | २४१८५ | ४७७२४ | ५३६०६ | ३००६९१ |
| करकट्टी गने निकायले लिएको स्थायी लेखा नम्बर | ८८१ | ५१९ | ५३८ | १८८ | ४२५ | ४११ | २९६२ |
| मूल्य अभिवृद्धि करमा दर्ता थप | ३५४७ | २४५३ | २७४१ | ११४४ | १८८८ | १९५६ | १३७२९ |
| अन्तशुल्कमा दर्ता थप | १८४९ | ११५८ | ११०५ | ५२९ | ५२७ | ५३४ | ५७०२ |

स्रोतः आन्तरिक राजस्व विभाग, २०८०।

नोटः मासिक तथ्याङ्क संशोधित भएकोले फरक हुन सक्नेछ।

३५. आर्थिक वर्ष २०८०/८१ को पौषसम्ममा संघीय आय ६.७ प्रतिशतले वृद्धि भई रू.४ खर्ब ६५ अर्ब २० करोड पुगेको छ भने कुल संघीय संचित कोषमा प्राप्ति (ऋणसहित) २४.९ प्रतिशतले बढेको छ। यस अवधिमा संघीय सरकारको चालु खर्च संघीय राजस्व भन्दा रू.४ अर्ब ११ करोडले बढी रहेको छ। त्यसैगरी, संघीय आयको तुलनामा संघीय खर्च रू.१ खर्ब ८ अर्ब ४३ करोडले बढी रहेको छ।

३६. यस अवधिमा सरकारले रू.१ खर्ब २८ अर्ब ३१ करोड बराबको आन्तरिक ऋण परिचालन गरेको छ। त्यसैगरी, रू.३४ अर्ब २८ करोड वरावरको वैदेशिक ऋण तथा रू.७ अर्ब ३७ करोड वरावरको वैदेशिक अनुदान प्राप्त भएको छ।

**तालिका (१०) : साधनस्रोत तथा खर्चको तुलनात्मक स्थिति** (रू.करोडमा)

| विवरण | पौषसम्म | | | | प्रतिशत परिवर्तन | | |
|---|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| संघीय राजस्व # | ३७३३१.३ | ४८०१५.९ | ३९६९५.८ | ४३८९३.९ | २८.६ | -१७.३ | १०.६ |
| अन्य प्राप्ति | २७८२.८ | ३४१९.४ | ३१०५.७ | १८८९.८ | २२.९ | -९.२ | -३९.२ |
| वैदेशिक अनुदान | ७४६.३ | १३८८.३ | ८११.५ | ७३६.६ | ८६.० | -४१.५ | -९.२ |
| कुल संघीय आय | ४०८६०.४ | ५२८२३.६ | ४३६१३.० | ४६५२०.३ | २९.३ | -१७.४ | ६.७ |
| आन्तरिक ऋण परिचालन | ५७००.० | ६००.० | ३०००.० | १२८३१.० | -८९.५ | ४००.० | ३२७.७ |
| वैदेशिक ऋण प्राप्ति | ३००४.१ | ४५०२.० | ३६३४.७ | ३४२७.५ | ४९.९ | -१९.३ | -५.७ |
| कुल संघीय प्राप्ति | ४९५६४.५ | ५७९२५.६ | ५०२४७.७ | ६२७७८.८ | १६.९ | -१३.३ | २४.९ |
| कुल संघीय खर्च | ४१५७४.५ | ५०६७८.३ | ५७६३४.८ | ५७३६३.३ | २१.९ | १३.७ | -०.५ |
| स्रोत वचत(+)/न्यून (-) | ७९९०.० | ७२४७.३ | -७३८७.१ | ५४१५.५ | -९.३ | -२०१.९ | -१७३.३ |
| संघीय चालु खर्च | ३४२३५.६ | ४०६४९.८ | ४५५१३.९ | ४४३०४.९ | १८.७ | १२.० | -२.७ |
| राजस्व वचत (+)/न्यून (-) | ३०९५.७ | ७३६६.१ | -५८१८.१ | -४११.० | १३७.९ | -१७९.० | -९२.९ |
| वजेट वचत (+)/न्यून (-) | -७१४.१ | २१४५.३ | -१४०२१.८ | -१०८४३.० | -४००.४ | -७५३.६ | -२२.७ |

स्रोत अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८० # बाँडफाँड अघिको रोयल्टीसहित

## अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता

३७. आर्थिक वर्ष २०८०/८१ को पौष महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको रू.१ खर्ब ३७ अर्ब १२ करोडको तुलनामा ५६.३ प्रतिशतले संकुचन भई रू.५९ अर्ब ९८ करोड रहेको छ। उक्त प्रतिबद्धतामध्ये अनुदान सहायता रू.२० अर्ब २८ करोड र ऋण सहायता रू.३९ अर्ब ७० करोड रहेको छ। यस अवधिमा वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः ३३.८ प्रतिशत र ६६.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः १६.९ प्रतिशत र ८३.१ प्रतिशत रहेको थियो।

३८. मासिकरुपमा विश्लेषण गर्दा २०८० कार्तिक महिनामा सवैभन्दा बढी वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको छ भने भदौ र पौष महिनामा कुनै प्रकारको सहायता प्रतिबद्धता प्राप्त भएको छैन।


**तालिका (११) : पछिल्लो २ वर्षको मासिक वैदेशिक सहायता प्रतिबद्धताको स्थिति** (रू. करोडमा)

| महिना | आर्थिक वर्ष २०७९/८० | | | आर्थिक वर्ष २०८०/८१ | | |
|---|---|---|---|---|---|---|
| | अनुदान | ऋण | जम्मा | अनुदान | ऋण | जम्मा |
| साउन | २७१.१० | ०.०० | २७१.१० | १०६३.०० | ०.०० | १०६३.०० |
| भदौ | ०.०० | १२७५.०० | १२७५.०० | ०.०० | ०.०० | ०.०० |
| असोज | ४००.०० | ६६९५.०० | ७०९५.०० | ३१५.२२ | ०.०० | ३१५.२२ |
| कार्तिक | ९७३.०० | ७७९.०० | १७५२.०० | १८२.५० | २६४०.०० | २८२२.५० |
| मंसिर | ५११.०० | ०.०० | ५११.०० | ४६७.१४ | १३३०.०० | १७९७.१४ |
| पौष | १५७.०० | २६५१.०० | २८०८.०० | ०.०० | ०.०० | ०.०० |
| जम्मा | २३१२.१० | ११४००.०० | १३७१२.१० | २०२७.८६ | ३९७०.०० | ५९९७.८६ |

स्रोतः अर्थ मन्त्रालय, २०८०।

३९. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये सामाजिक क्षेत्र (शिक्षा र स्वास्थ्य सहित) ४२.६ प्रतिशत, ग्रामिण विकास २५.१ प्रतिशत, सार्वजनिक वित्त २२.२ प्रतिशत, वातावरण ५.८ प्रतिशत र कृषिमा ४.४ प्रतिशत रहेको छ।

**चार्ट (६) : आर्थिक वर्ष २०८०/८१ को पौषसम्मको वैदेशिक सहायता प्रतिवद्धताको संरचना** (रू. करोडमा)




स्रोतः अर्थ मन्त्रालय, २०८०।


## सार्वजनिक ऋण र वैदेशिक सहायता परिचालन

४०. चालु आर्थिको वर्ष २०८०/८१ को पौषसम्म कुल रु.४१ अर्ब ६४ करोड बराबरको वैदेशिक सहायता परिचालन गरिएको छ। जसमध्ये रू.७ अर्ब ३७ करोड वरावरको वैदेशिक अनुदान र रु.३४ अर्ब २७ करोड वरावरको वैदेशिक ऋण रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा अनुदान रू.८ अर्ब १२ करोड र ऋण रू.३६ अर्ब ३५ करोड गरी जम्मा रू.४४ अर्ब ४६ करोड वरावरको वैदेशिक सहायता प्राप्त भएको थियो।

४१. २०८० पौषमसान्तसम्म सरकारको तिर्न बाँकी कुल ऋण दायित्व रु.२३ खर्ब ८४ अर्ब ४९ करोड पुगेको छ। यसमध्ये आन्तरिक ऋण रु.११ खर्ब ९८ अर्ब ४ करोड (५०.२ प्रतिशत) र वैदेशिक ऋण रू.११ खर्ब ८६ अर्ब ४४ करोड (४९.८ प्रतिशत) रहेको छ।

४२. यस अवधिको तिर्न बाँकी कुल आन्तरिक ऋण मध्ये विकास ऋणपत्रको अंश ६४.५ प्रतिशत रहेको छ भने ट्रेजरी विलको अंश ३४.६ प्रतिशत र अन्य (नागरिक वचतपत्र र वैदेशिक रोजगार बचतपत्र) को अंश ०.९ प्रतिशत रहेको छ।

**चार्ट(७) : २०८० पौषमसान्तसम्म तिर्न बाँकी सार्वजनिक ऋणको संरचना**




स्रोतः अर्थ मन्त्रालय।

४३. चालु आर्थिक वर्षको पौषसम्म आन्तरिक ऋणतर्फ सावाँ रू.५९ अर्ब ३७ करोड र ब्याज रू.३४ अर्ब १९ करोड गरी रू.९३ अर्ब ५७ करोड भुक्तानी भएको छ। त्यसैगरी, यस अवधिमा बाह्य ऋणतर्फ साँवा रु.१८ अर्ब ८ करोड र ब्याज

रू.४ अर्ब ९३ करोड गरी रू.२३ अर्ब १ करोड भुक्तानी भएको छ। यस अवधिमा सावाँ तर्फ रू.७७ अर्ब ४५ करोड र ब्याजतर्फ रू.३९ अर्ब १३ करोड गरी रू.१ खर्ब १६ अर्ब ५८ करोड बराबरको ऋण सेवा खर्च भएको छ।

**तालिका (१२) : चालु आर्थिक वर्षको पौषसम्मको मासिक ऋण सेवा खर्च र ऋण प्राप्तिको अवस्था** (रू. करोडमा)

| विवरण | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| **आन्तरिक ऋण** | **२५८४.६९** | **१५७६.५३** | **१४९४.४३** | **८८३.३२** | **५१७.४२** | **२३००.२५** | **९३५६.६४** |
| सावाँ भुक्तानी | २२०७.८१ | १०७५.५४ | १०००.८१ | ०.०० | ०.०० | १६५३.०० | ५९३७.१६ |
| व्याज भुक्तानी | ३७६.८८ | ५००.९९ | ४९३.६२ | ८८३.३२ | ५१७.४२ | ६४७.२५ | ३४१९.४८ |
| **वाह्य ऋण** | **१९०.४०** | **४३६.०९** | **४८८.५६** | **५११.५८** | **५२८.५२** | **१४६.२६** | **२३०१.४१** |
| सावाँ भुक्तानी | १२३.८३ | ३४०.६१ | ४०२.२९ | ३९७.०९ | ४१७.३५ | १२६.८१ | १८०७.९८ |
| व्याज भुक्तानी | ६६.५७ | ९५.४८ | ८६.२७ | ११४.४९ | १११.१७ | १९.४५ | ४९३.४३ |
| **कुल ऋण सेवा खर्च** | **२७७५.०९** | **२०१२.६२** | **१९८२.९९** | **१३९४.९०** | **१०४५.९४** | **२४४६.५१** | **११६५८.०५** |
| कुल सावाँ भुक्तानी | २३३१.६४ | १४१६.१५ | १४०३.१० | ३९७.०९ | ४१७.३५ | १७७९.८१ | ७७४५.१४ |
| कुल ब्याज भुक्तानी | ४४३.४५ | ५९६.४७ | ५७९.८९ | ९९७.८१ | ६२८.५९ | ६६६.७० | ३९१२.९१ |
| **ऋण प्राप्ति** | **१५७७.८४** | **३६५०.७७** | **६०५५.७०** | **३०२.९७** | **२७६३.९२** | **१९०७.२९** | **१६२५८.४९** |
| आन्तरिक ऋण | १३०६.०० | ३१२०.०० | ५३०५.०० | ०.०० | १४००.०० | १७००.०० | १२८३१.०० |
| वाह्य ऋण | २७१.८४ | ५३०.७७ | ७५०.७० | ३०२.९७ | १३६३.९२ | २०७.२९ | ३४२७.४९ |

स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय।

४४. यस अवधिमा कुल आन्तरिक ऋण परिचालन रू.१ खर्ब २८ अर्ब ३१ करोड र कुल बाह्य ऋण परिचालन रू.३४ अर्ब २७ करोड गरी रू.१ खर्ब ६२ अर्ब ५८ करोड बराबरको कुल सार्वजनिक ऋण परिचालन भएको छ।

४५. यस अवधिमा खुद आन्तरिक ऋण परिचालन रू.६८ अर्ब ९४ करोड र खुद बाह्य ऋण परिचालन रू.१६ अर्ब २० करोड गरी रू.८५ अर्ब १३ करोड बराबरको खुद सार्वजनिक ऋण परिचालन भएको छ।

## वित्तीय क्षेत्र

४६. समीक्षा अवधिमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल निक्षेप बढेको छ भने कुल कर्जा लगानीको अनुपात घटेको छ। कुल लगानीमा निष्कृय कर्जाको अनुपात भने बढेर ३.७३ प्रतिशत पुगेको छ भने विपन्न क्षेत्रतर्फ प्रवाहित कर्जा अनुपात घटेर ६.८० प्रतिशत कायम भएको छ।

४७. २०८० पौषसम्म ७५२ स्थानीय तहमा वाणिज्य बैंकको शाखा सङ्ख्या पुगेको छ। त्यस्तै २०७९ पौषसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १२१ रहेकोमा २०८० पौष मसान्तमा सो सङ्ख्या ११२ कायम भएको छ। २०७९ पौष मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११,५८८ रहेकोमा २०८० पौष मसान्तमा यस्तो सङ्ख्या ११,५६७ रहेको छ। केन्द्रीय बैङ्कको मर्जर नीतिको कारण यस्तो सङ्ख्यामा केही कमी आएको हो।

**तालिका (१३) : पौषसम्मको वित्तीय परिसूचकहरू**

| वित्तीय सूचकहरु | २०७८ पौष | २०७९ पौष | २०८० पौष |
|---|---|---|---|
| *कुल गार्हस्थ्य उत्पादनको अनुपातमा* | | | |
| कुल निक्षेप | ११४.९६ | ११०.० | ११३.९३ |
| कुल कर्जा | १०९.७१ | ९९.८५ | ९४.४७ |
| *कुल कर्जा लगानीको अनुपातमा* | | | |
| निष्कृय कर्जा | १.३१ | २.६३ | ३.७३ |
| विपन्न क्षेत्र कर्जा | ८.२८ | ७.११ | ६.८० |
| *वित्तीय पहुचका परिसूचकहरू* | | | |
| बैङ्क तथा वित्तीय संस्था (सङ्ख्यामा) | १२९ | १२१ | ११२ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (सङ्ख्यामा) | ११२१५ | ११५८८ | ११५६७ |
| वाणिज्य बैङ्कको उपस्थिति भएका स्थानीय तह (सङ्ख्यामा) | ७५० | ७५२ | ७५२ |

| वित्तीय सूचकहरु | २०७८ पौष | २०७९ पौष | २०८० पौष |
|---|---|---|---|
| कुल निक्षेप खाता (सङ्ख्या लाखमा) | ४१८.३८ | ४८३.२५ | ५३५.५० |
| कुल कर्जा खाता (सङ्ख्या लाखमा) | १८.०१ | १८.३३ | १८.६७ |
| एटिएम (सङ्ख्यामा) | ४४१७ | ४६४८ | ५०६४ |
| भारित औसत ब्याजदर | | | |
| निक्षेप | ६.३७ | ८.५१ | ७.३२ |
| कर्जा | ९.४४ | १२.७९ | ११.३८ |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८०।

४८. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा विस्तृत मुद्राप्रदाय ६.४ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा २०८० पौष मसान्तमा विस्तृत मुद्राप्रदाय १४.३ प्रतिशतले बढेको छ।

४९. त्यसैगरी, कुल आन्तरिक कर्जा २.६ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा २०८० पौष मसान्तमा यस्तो कर्जा ८.६ प्रतिशतले बढेको छ।

५०. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा बैङ्क तथा वित्तीय संस्थाहरुमा रहेको निक्षेप ६.६ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा २०८० पौष मसान्तमा यस्तो निक्षेप १४.९ प्रतिशतले बढेको छ।

५१. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा बैङ्क तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ४.० प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा २०८० पौष मसान्तमा यस्तो कर्जा ४.९ प्रतिशतले बढेको छ।

तालिका (१४) : बैङ्किङ्ग तथा मौद्रिक क्षेत्रको स्थिति (रू. करोडमा)


| विवरण | वर्ष (पौषसम्म) | | | फरक | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | २०७८ | २०७९ | २०८० | (२०८०) | २०७९ | २०८० |
| कुल निक्षेप | ४८४१७९.५ | ५२९७९०.४ | ६०८७०८.२ | ७८९१७.८ | ९.४ | १४.९ |
| कुल कर्जा | ५५५६६०.० | ५८८९३९.७ | ६५३३३५.६ | ६४३९५.९ | ६.० | १०.९ |
| निजी क्षेत्रतर्फ प्रवाहित कर्जा | ४५७७४४.४ | ४७५८४२.२ | ४९८९६७.२ | २३१२५.० | ४.० | ४.९ |
| विस्तृत मुद्राप्रदाय | ५३२६७२.४ | ५७३९०९.२ | ६५६०२०.६ | ८२१११.४ | ७.७ | १४.३ |
| संकुचित मुद्राप्रदाय | ९४०३९.३ | ९०२७२.९ | ९४०५२.१ | ३७७९.२ | -४.० | ४.२ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०।

## बीमा क्षेत्र

५२. चालु आर्थिक वर्ष २०८०/८१ को पौष महिनासम्म बीमा प्रिमियम सङ्कलन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २.१ प्रतिशतले वृद्धि भई रू.९३ अर्ब ६६ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रू.९१ अर्ब ७३ करोड रहेको थियो। यस अवधिमा संकलित बीमा प्रिमियम मध्ये जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७९.२ प्रतिशत र २०.८ प्रतिशत रहेको छ।


चार्ट(८) : पछिल्लो ५ वर्षको पौषसम्मको बीमा प्रिमियम सङ्कलनको स्थिति (रू. करोडमा)




स्रोतः नेपाल बीमा प्राधिकरण, २०८०।

५३. २०८० पौष मसान्तसम्म ३६.८ प्रतिशत जनसङ्ख्यामा बीमा (म्यादी र लघुम्यादी बीमालेख सहित) को पँहुच पुगेको छ। यस अवधिमा वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या ४३.१ प्रतिशत पुगेको छ।

**चार्ट(९) : मासिकरूपमा बीमा प्रिमियम सङ्कलनको स्थिति** (रू. करोडमा)




| | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पौष |
|---|---|---|---|---|---|---|
| २०७६/७७ | १२९५ | ८१५ | १०३० | ३०३ | ९९४ | १६१४ |
| २०७७/७८ | १५७५ | ९८० | १४३१ | ९२४ | १२५० | १६८० |
| २०७८/७९ | १९५३ | १५०० | १३३४ | १३०४ | १२३१ | १६७९ |
| २०७९/८० | १९५३ | १४३७ | १२७१ | १२७५ | १६१३ | १६२४ |
| २०८०/८१ | २३५९ | १२६३ | १५०४ | १०९३ | १५३२ | १६१५ |

२०७६/७७ २०७७/७८ २०७८/७९ २०७९/८० २०८०/८१

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८०।


५४. आर्थिक वर्ष २०७९/८० को तुलनामा चालु आर्थिक वर्ष २०८०/८१ को साउन र असोज महिनामा बीमा प्रिमियम सङ्कलन उच्च रहेको छ भने बाँकी महिनामा यस्तो सङ्कलन न्यून रहेको छ। मासिकरुपमा विश्लेषण गर्दा साउन महिनामा बीमा प्रिमियम सङ्कलन उच्च रहेको छ भने कार्तिक महिनामा सवैभन्दा न्यून रहेको छ।

## पुँजी बजार

५५. २०७९ पौषमसान्तमा २१४९.४ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०८० पौष मसान्तमा २१२०.६ विन्दु कायम भएको छ। पछिल्लो तीन दशकको पौषमसान्तको नेप्से पुँजीको प्रवृत्ति हेर्दा २०७८ पौष मसान्तमा नेप्से सूचकाङ्क सबैभन्दा उच्च विन्दुमा रहेको थियो। २०८० पौष मसान्तसम्म नेपाल स्टक एक्सेन्जमा सूचीकृत कम्पनीहरुको सङ्ख्या २७१ पुगेको छ।

५६. पूँजी बजारमा देखिएको अस्थिरताको कारण चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा नेप्से सूचकाङ्कमा उतारचढाव देखिएको छ। यद्यपि, पछिल्ला महिनाहरुमा भने पुँजी बजार क्रमशः सुधारोन्मूख हुँदै गएको छ।


**चार्ट (१०) : पछिल्लो ३ दशकको पौषमसान्तको नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८०।

५७. नेप्से सूचकाङ्कमा कार्तिक महिना पछि क्रमशः सुधार हुँदै गएको छ। २०८० साउन मसान्तमा नेप्से सूचकाङ्क २०३३.१ बिन्दुमा रहेकोमा २०८० पौष मसान्तमा २१२०.६ बिन्दुमा पुगेको छ। २०८० कार्तिक मसान्तमा यस्तो सूचकाङ्क १८५२.१ बिन्दुमा झरेको थियो।


**चार्ट (११) : चालु आर्थिक वर्षको पहिलो ६ महिनाको नेप्से सूचकाङ्कको स्थिति**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८०।

५८. वार्षिक विन्दुगत आधारमा २०८० पौष मसान्तमा बजार पुँजीकरण २०७९ पौष मसान्तको तुलनामा ७.३ प्रतिशतले वृद्धि भई रू.३३ खर्ब ३१ अर्ब पुगेको छ। २०७९ पौष मसान्तमा यस्तो रकम रू.३१ खर्ब ३ अर्ब रहेको थियो।

**चार्ट (१२) : पछिल्लो ५ वर्षको पौषमसान्तसम्मको बजार पुँजीकरणको स्थिति** (रू. अर्बमा)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०।

## बाह्य क्षेत्र

### वस्तु निर्यात

५९. आर्थिक वर्ष २०८०/८१ को पुस महिनासम्म कुल वस्तु निर्यातमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.२ प्रतिशतले कमी आई रू.७४ अर्ब ९७ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रू.८० अर्ब ८१ करोड रहेको थियो।

६०. उक्त अवधिमा भारततर्फको वस्तु निर्यात १२.८ प्रतिशतले घटेको छ भने चीन तर्फको वस्तु निर्यात उल्लेख्य वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा भारत र चीन तर्फको वस्तु निर्यात क्रमशः ४०.१ प्रतिशत र २५.२ प्रतिशतले बढेको थियो। यस अवधिमा अन्य मुलुकसँगको वस्तु निर्यात १.३ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यात ३.६ प्रतिशतले वृद्धि भएको थियो।

६१. त्यसैगरी, भारत, चीन र अन्य देश तर्फको वस्तु निर्यातको अंश क्रमशः ६७.३ प्रतिशत, २.१ प्रतिशत र ३०.६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ७१.६ प्रतिशत, ०.४ प्रतिशत र २८.० प्रतिशत रहेको थियो।

**तालिका (१५) : पौष महिनासम्म निकासी भएका प्रमुख १० वस्तुहरू** (रू.करोडमा)

| वस्तु | २०७९/८० | निर्यातको अंश | २०८०/८१ | निर्यातको अंश | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| फलामे पाता | २७७.८ | ३.४ | ६१३.७९ | ८.२ | १२०.९ |
| सेन्थेटिक यार्न | ५९४.५१ | ७.४ | ५७०.११ | ७.६ | -४.१ |
| उनी गलैंचा कार्पेट | ५४६.२५ | ६.८ | ५२३.०२ | ७.० | -४.३ |
| तयारी कपडा | ४१२.८२ | ५.१ | ४६७.३८ | ६.२ | १३.२ |
| अलैची | ३७४.०२ | ४.६ | ३९०.७७ | ५.२ | ४.५ |
| फलफुलको जुस | २६२.३९ | ३.२ | ३८०.५८ | ५.१ | ४५.० |
| प्लाइउड | १७४.७७ | २.२ | ३५३.०१ | ४.७ | १०२.० |
| प्रशोधित पाम तेल | १३०८.८२ | १६.२ | २९०.१९ | ३.९ | -७७.८ |
| जमोठ कपडा | २६४.०८ | ३.३ | २४७.८७ | ३.३ | -६.१ |
| जुटका बुनिएका कपडा | २६४.२३ | ३.३ | २४४.१४ | ३.३ | -७.६ |
| अन्य | ३६०१.०१ | ४४.६ | ३४१५.७९ | ४५.६ | -५.१ |
| **जम्मा** | **८०८०.७** | **१००.०** | **७४९६.६५** | **१००** | **-७.२** |

स्रोतः भन्सार विभाग, २०८०।

६२. वस्तुगत आधारमा फलामे पाता, प्लाइउड, फलफूलको जुस, अलैची, तयारी कपडा लगायतका वस्तुको निर्यात बढेको छ भने प्रशोधित पाम तेल, जमोठ कपडा, जुटका बुनिएका कपडा, सेन्थेटिक यार्न लगायतका वस्तुको निर्यात घटेको छ।

६३. यस अवधिमा निर्यात भएका प्रमुख १० वस्तुहरुको कुल निर्यातमा अंश ५४.४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको पहिलो ६ महिनाको कुल निकासीमा माथिका वस्तुहरुको अंश ५५.४ प्रतिशत अंश रहेको थियो।

## वस्तु पैठारी

६४. चालु आर्थिक वर्ष २०८०/८१ को पुस महिनासम्म कुल वस्तु आयातमा गत आर्थिक वर्षको सोही अवधिको रू.७ खर्ब ९२ अर्ब ६७ करोडको तुलनामा ३.१ प्रतिशतले कमी आई रू.७ खर्ब ६८ अर्ब १७ करोड रहेको छ।

तालिका (१६) : पौष महिनासम्म पैठारी भएका प्रमुख १० वस्तुहरू (रू.करोडमा)

| वस्तु | २०७९/८० | आयातको अंश | २०८०/८१ | आयातको अंश | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| डिजेल | ७०१०.५८ | ८.८ | ६६४९.११ | ८.७ | -५.२ |
| पेट्रोल | ३३५३.५७ | ४.२ | ३३९१.९७ | ४.४ | १.१ |
| एल पि ग्यास | २८२०.३७ | ३.६ | २५४५.९३ | ३.३ | -९.७ |
| एच.आर.सिट | ५५२.८८ | ०.७ | २२३५.८७ | २.९ | ३०४.४ |
| शुद्ध फलाम | १९२२.०४ | २.४ | १९३६.५३ | २.५ | ०.८ |
| तयारी कपडा | १२९६.८९ | १.६ | १८७३.७८ | २.४ | ४४.५ |
| मोवाइल टेलिफोन | १४३२.३ | १.८ | १५६७.४६ | २ | ९.४ |
| अन्य एलोपेथीक औषधी | ११९३.८८ | १.५ | १३२७.३१ | १.७ | ११.२ |
| विधुतबाट संचालित जीप कार र भ्यानहरु | ४९२.९१ | ०.६ | १३१२.४८ | १.७ | १६६.३ |
| सुन | २९२०.३३ | ३.७ | ११८८.६२ | १.५ | -५९.३ |
| अन्य | ५६२७०.९ | ७१.० | ५२७८७.७ | ६८.७ | -६.२ |
| जम्मा | ७९२६६.६ | १००.० | ७६८१६.८ | १०० | -३.१ |

स्रोतः भन्सार विभाग, २०८०।

६५. चालु आर्थिक वर्षको छ महिनामा भएको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूबाट भएको आयातको अंश क्रमशः ६१.८ प्रतिशत, १९.२ प्रतिशत र १९.० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६१.४ प्रतिशत, १३.९ प्रतिशत र २४.७ प्रतिशत रहेको थियो।


६६. वस्तुगत आधारमा पैठारी भएका मुख्य १० वस्तुहरु मध्ये एच. आर सीट. ,विद्युतबाट संचालित जीप कार र भ्यानहरु, तयारी कपडा लगायतका वस्तुको आयात बढेको छ भने सुन, एल.पी ग्याँस लगायतका वस्तुको आयात घटेको छ।

६७. यस अवधिको कुल पैंठारीमा प्रमुख १० वस्तुहरु मध्येको डिजेलको अंश सबैभन्दा बढी ८.७ प्रतिशत रहेको छ। यस अवधिमा आयात भएका प्रमुख १० वस्तुहरुको अंश कुल आयातमा ३१.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्ता वस्तुहरुको यस्तो अंश कुल वस्तु आयातको २९.० प्रतिशत रहेको थियो।

## व्यापार सन्तुलन

६८. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा वस्तु व्यापार घाटा २.६ प्रतिशतले सुधार भई रू.६ खर्ब ९३ अर्ब २० करोड रहेको छ । गत आर्थिक वर्षमा यस्तो घाटा रू.७ खर्ब ११ अर्ब ८६ करोड रहेको थियो। मूलतः वस्तु आयातमा आएको संकुचनको कारण व्यापार घाटामा सुधार भएको हो।


**चार्ट (१३) : पछिल्लो ५ आर्थिक वर्षको पौष महिनासम्मको वस्तु व्यापार घाटाको स्थिति** (रू. खर्बमा)




स्रोतः भन्सार विभाग, २०८०।

६९. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा भारत र अन्य देशसँगको व्यापार घाटा क्रमशः ०.९ प्रतिशत र २९.२ प्रतिशतले सुधार भएको छ भने चीनसँगको व्यापार घाटा ३३.० प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारत, चीन र अन्य देशसँगको व्यापार घाटा क्रमशः १५.५ प्रतिशत, २४.६ प्रतिशत र २३.८ प्रतिशतले सुधार भएको थियो। अघिल्लो आर्थिक वर्षमा बाह्य क्षेत्र सन्तुलनका लागि सरकारले लगाएको आयातमा नगद मार्जिनको कारण आयात व्यापार प्रभावित हुँदा व्यापार घाटा सुधार भएको हो।

**चार्ट (१४) : पौष महिनासम्मको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश** (प्रतिशतमा)




स्रोतः भन्सार विभाग, २०८०।

७०. यस अवधिको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश क्रमशः ८.९ प्रतिशत र ९१.१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ९.३ प्रतिशत र ९०.७ प्रतिशत रहेको थियो।

७१. यस अवधिको कुल वस्तु निर्यात मध्ये मध्यवर्ती उपभोग्य वस्तुको अंश ५५.९ प्रतिशत, अन्तिम उपभोग्य वस्तु ४३.९ प्रतिशत तथा पुँजीगत वस्तुहरुको अनुपात ०.२ प्रतिशत रहेको छ। यसैगरी यस अवधिमा वृहत आर्थिक वर्गीकरण अनुसार आयातको संरचनामा मध्यवर्ति उपभोग्य वस्तुहरुको अंश ४९.२ प्रतिशत, अन्तिम उपभोग्य वस्तु ४२.१ प्रतिशत तथा पुँजीगत वस्तुहरुको अनुपात ८.७ प्रतिशत रहेको छ।

तालिका (१७) : पौष महिनासम्मको वस्तु निकासी र पैठारीको संरचना (प्रतिशतमा)

| विवरण | निर्यात | | | आयात | | |
|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| मध्यवर्ति उपभोगका वस्तुहरु | ४७.८ | ५४.२ | ५५.९ | ५३.७ | ५३.१ | ४९.२ |
| पुँजीगत वस्तुहरु | ०.०२ | ०.०५ | ०.२ | १०.९ | ८.८ | ८.७ |
| अन्तिम उपभोगका वस्तुहरु | ५२.२ | ४५.८ | ४३.९ | ३५.४ | ३८.१ | ४२.१ |

स्रोतः नेपाल राष्ट्र बैंङ्क, २०८० ।

## सेवा व्यापार

७२. आर्थिक वर्ष २०८०/८१ को पौषसम्म कुल सेवा आय गत आर्थिक वर्षको सोही अवधिको रू.८६ अर्ब ३९ करोडको तुलनामा ३२.९ प्रतिशतले वृद्धि भई रू.१ खर्ब १४ अर्ब ८२ करोड पुगेको छ। साथै, यस अवधिमा सेवा खर्च गत आर्थिक वर्षको सोही अवधिको रू.१ खर्ब २२ अर्ब ६० करोडको तुलनामा २३.१ प्रतिशतले वढेर रू.१ खर्ब ५० अर्ब ८७ करोड पुगेको छ।

७३. आर्थिक वर्ष २०८०/८१ पौषसम्म खुद सेवा आय रू.३६ अर्ब ६ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रू.३६ अर्ब २२ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह

७४. आर्थिक वर्ष २०८०/८१ को पौषसम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू.५ खर्ब ८५ अर्बको तुलनामा २५.३ प्रतिशतले वृद्धि भई रु.७ खर्ब ३३ अर्ब पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २४.३ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह यस अवधिमा २२.६ प्रतिशतले बढेर ५ अर्ब ५२ करोड पुगेको छ।

७५. आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनामा वैदेशिक रोजगारीका लागि नयाँ श्रम स्वीकृति लिने नेपालीको सङ्ख्यामा २४.६ प्रतिशतले संकुचन भई २ लाख ७ हजार ९ सय ७० रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २ लाख ७५ हजार ६ सय ४३ रहेको थियो।

७६. यस अवधिमा वैदेशिक रोजगारीको लागि पुनःश्रम स्वीकृति लिने नेपालीको सङ्ख्या गत वर्षको तुलनामा ५.० प्रतिशतले घटेर १ लाख ३५ हजार ४ सय ३५ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ९.५ प्रतिशतले बढेर १ लाख ४२ हजार ५ सय ४८ रहेको थियो।

## चालु खाता एवम् शोधनान्तर स्थिति

७७. आर्थिक वर्ष २०७८/७९ को पौष महिनासम्म शोधनान्तर स्थिति रू.२ खर्ब ७३ अर्ब ५२ करोडले उच्च वचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू.९२ अर्ब १५ करोडले बचतमा रहेको थियो। त्यसैगरी, यस अवधिमा चालु खाता रू.१ खर्ब ६१ अर्ब २ करोडले वचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चालु खाता रू.३५ अर्ब ५७ करोडले घाटामा रहेको थियो। विशेषगरी, आयातमा आएको कमी तथा विप्रेषण आयमा भएको उल्लेख्य वृद्धिको कारण चालु खाता र शोधनान्तर स्थिति उच्च बचतमा रहेका छन्।

## विदेशी विनिमय सञ्चिति

७८. २०७९ पौष मसान्तमा रू.१३ खर्ब ३७ अर्ब २९ करोड रहेको विदेशी विनिमय सञ्चिति २०८० पौष मसान्तमा ३५.८ प्रतिशतले बढेर रू.१८ खर्ब १६ अर्ब ५७ करोड पुगेको छ। आर्थिक वर्ष २०८०/८१ को पौषसम्मको आयातलाई आधार मान्दा हालको विदेशी विनिमय सञ्चितिले करिब १४.५ महिनाको वस्तु र करिब १२.१ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर

७९. २०८० असारमसान्तको तुलनामा २०८० पौष मसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ ०.९१ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रू.१३२.३८ कायम भएको छ। २०८० असार मसान्तमा यस्तो विनिमय दर रू.१३१.१७ रहेको थियो।

## पर्यटक आगमन

८०. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा (अगष्ट २०२३ देखि जनवरी २०२४ सम्म) नेपाल भित्रिने पर्यटकको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको ३ लाख ८३ हजार ८ सय ५९ को तुलनामा ४५.८ प्रतिशतले वृद्धि भई ५ लाख ५९ हजार ७ सय ६९ रहेको छ। सन् २०२३ को पहिलो महिना (जनवरी) मा मात्र नेपाल आउने पर्यटकको सङ्ख्या ५५ हजार ७४ रहेकोमा सन् २०२४ को जनवरीमा नेपाल भित्रिने पर्यटकको सङ्ख्यामा ४३.६ प्रतिशतले वृद्धि भई ७९ हजार १ सय पुगेको छ। पछिल्लो समयमा नेपाल भित्रिने पर्यटकको सङ्ख्यामा क्रमशः वृद्धि हुँदै गएको र सो को सकरात्मक प्रभाव भ्रमण आयमा परेको छ।

## बाह्य क्षेत्रका प्रमुख परिसूचकहरु

तालिका (१८) : चालु आर्थिक वर्षको बाह्य क्षेत्रका परिसूचकहरुको पौषसम्मको मासिक विवरण (रू. करोडमा)

| बाह्य क्षेत्रका चरहरु | साउन | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| निकासी | १३५२.९ | १२९१.८ | १४४२.८ | ९६९.० | १२६४.२ | ११७६.१ | ७४९६.८ |
| पैठारी | १२९२३.९ | १३०५१.१ | १४८००.९ | १०४७४.४ | १२९७०.५ | १२५९५.८ | ७६८१६.७ |
| व्यापार घाटा | ११५७१.० | ११७५९.३ | १३३५८.१ | ९५०५.४ | ११७०६.३ | ११४१९.७ | ६९३१९.८ |
| विप्रेषण आप्रवाह | ११६०१.९ | ११२३५.२ | १३६९६.८ | ११२६२.५ | १३५२८.९ | ११९९७.१ | ७३३२२.५ |
| चालु खाता सन्तुलन | १२९८.५ | १०५१.२ | ३५५९.६ | ३७२८.७ | ४३८५.२ | २१३८.४ | १६१६१.५ |
| शोधानान्तर स्थिति | ३२९०.१ | २०७०.६ | ४५४५.९ | ४८०४.४ | ६३४७.९ | ६२९३.२ | २७३५२.१ |
| थप विदेशी विनिमय सञ्चिति | ३३७६.३ | २५७७.६ | ४४१९.३ | ५३६८.३ | ७०२६.० | ४९५३.५ | २७७२१.० |
| पर्यटक आगमन (सङ्ख्यामा) | ६७१५३ | ९१०१२ | ११७३०६ | १०८६३० | ९६५६८ | ७९१०० | ५५९७६९ |

स्रोतः नेपाल राष्ट्र बैङ्क/भन्सार विभाग, २०८०

## थप कम्पनी दर्ता


८१. चालु आर्थिक वर्षको ६ महिनामा थप कम्पनी दर्ता सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको ११ हजार ६ सय १ को तुलनामा थप कम्पनी दर्ता ३.५ प्रतिशतले वृद्धि भई १२ हजार ७ पुगेको छ। आर्थिक गतिविधिहरुमा क्रमशः विस्तार हुँदै गएसँगै कम्पनी दर्ता सङ्ख्यामा समेत तद्अनुरुपको प्रभाव देखिन थालेको छ।

तालिका (१९) : मासिकगत थप कम्पनी दर्ताको स्थिति (सङ्ख्यामा)

| महिना | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|---|
| साउन | २२९९ | ३०७२ | २६८८ | २६३२ | ३४७४ | २८२५ | २१०१ |
| भदौ | २१४८ | २५३९ | २९८५ | १४६८ | ३९२८ | २८२८ | २२९३ |
| असोज | १३८४ | २४४० | १८१२ | ३३९८ | २९३५ | १५९२ | २५८१ |
| कार्तिक | १६८२ | ११५९ | १४५८ | १९९८ | २१४४ | १४५४ | ११०५ |
| मंसिर | १५२१ | २११० | २०८३ | २४८० | २६८१ | १४१८ | १९६२ |
| पौष | १६९१ | २०७५ | २०६५ | २७४५ | १७७७ | १४८४ | १९६५ |
| जम्मा | १०७२५ | १३३९५ | १३०९१ | १४७२१ | १६९३९ | ११६०१ | १२००७ |
| वृद्धिदर | १०.६ | २४.९ | -२.३ | १२.५ | १५.१ | -३१.५ | ३.५ |

स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय, २०८०

### चार्ट (१५) : पछिल्लो ७ आर्थिक वर्षको पौषसम्मको थप कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय, २०८०

८२. कम्पनी दर्ताको मासिक प्रवृत्ति हेर्दा गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको असोज, मंसिर र पौष महिनामा कम्पनी दर्ताको सङ्ख्या बढेको छ भने अन्य महिनामा घटेको छ। चालु आर्थिक वर्षको असोज महिनामा कम्पनी दर्ता सङ्ख्या सबैभन्दा बढी र कार्तिक महिनामा सबैभन्दा न्यून रहेको छ।

## स्वीकृत वैदेशिक लगानी

८३. २०८० पौषसम्म विदेशी लगानीका लागि दर्ता भएका उद्योगको सङ्ख्या ६,०८५ पुगेको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा विदेशी लगानीका थप २२६ उद्योग दर्ता भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या १३१ रहेको थियो।


### तालिका (२०) : उद्योग विभागबाट स्वीकृत विदेशी लगानीको स्थिति

| वर्ष | स्वीकृत विदेशी लगानी (रू.करोडमा) | | उद्योग दर्ता संङ्ख्या | |
|---|---|---|---|---|
| २०७३ असारसम्म | ३१८३७.७ | | ४७७३ | |
| २०८० पौषसम्म | ४७२३०.५ | | ६०८५ | |
| आर्थिक वर्ष | स्वीकृत विदेशी लगानी (रू.करोडमा) | वृद्धिदर | उद्योग दर्ता संङ्ख्या | वृद्धिदर |
| २०७३/७४ | ८३०.८ | २७.८ | १८९ | २२.७ |
| २०७४/७५ | १४००.७५ | ६८.६ | १६८ | -११.१ |
| २०७५/७६ | १०२५.३६ | -२६.८ | १९६ | १६.७ |
| २०७६/७७ | २७६८.५७ | १७०.० | १५० | -२३.५ |
| २०७७/७८ | २३४७.४८ | -१५.२ | १२३ | -१८.० |
| २०७८/७९ | ३०५६.२२ | ३०.२ | १२९ | ४.९ |
| २०७९/८० | १७३०.०० | -४३.४ | १३१ | १.६ |
| २०८०/८१ | २२३३.६५ | २९.१ | २२६ | ७२.५ |

स्रोतः उद्योग विभाग, २०८०

८४. २०८० पौषसम्म उद्योग विभागबाट रू.४ खर्ब ७२ अर्ब ३१ करोड बराबरको वैदेशिक लगानी स्वीकृत भएको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा उद्योग विभागबाट स्वीकृत कुल विदेशी लगानी गत आर्थिक वर्षको सोही अवधिको रू.१७ अर्ब ३० करोडको तुलनामा २९.१ प्रतिशतले वृद्धि भई रू.२२ अर्ब ३४ करोड पुगेको छ।

**चार्ट (१६) : चालु आर्थिक वर्षमा उद्योग विभागबाट स्वीकृत मासिक विदेशी लगानीको स्थिति** (रू. करोडमा)





स्रोतः उद्योग विभाग, २०८०

८५. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा उद्योग विभागबाट स्वीकृत विदेशी लगानीमध्ये साउन महिनामा मात्र स्वीकृत भएको विदेशी लगानीको हिस्सा ५० प्रतिशत भन्दा बढी रहेको छ। २०८० पौष महिनामा सबैभन्दा न्यून विदेशी लगानी स्वीकृत भएको छ।

## विद्युत उत्पादन, माग र खपतको स्थिति

८६. नेपाल विद्युत प्राधिकरणबाट ६६१.५७ मेगावाट, नेपाल विद्युत प्राधिकरणका सहायक कम्पनीहरुबाट ४७८.१ मेगावाट, निजी क्षेत्रको जलविद्युत १६२१.३८ मेगावाट, निजी क्षेत्रको सोलार विद्युत ६१.९४ मेगावाट र बगास (ऊखुको खोस्टा) बाट उत्पादित ६ मेगावाट गरी २०८० पौषसम्म मुलुकमा जम्मा २८२८.९९ मेगावाट विद्युत उत्पादन भएको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा थप १४४.३७ मेगावाट विद्युत उत्पादन भएको छ। हालसम्म समग्रमा ९५.० प्रतिशत विद्युतीकरण कार्य सम्पन्न भएको छ। कुल विद्युत उत्पादनमध्ये हालसम्म सरकारी क्षेत्रबाट भएको उत्पादन ४०.३ प्रतिशत रहेको छ।

**चार्ट (१७) : २०८० पौषसम्म सरकारी र निजी क्षेत्रबाट उत्पादित विद्युतको अवस्था**




स्रोतः नेपाल विद्युत प्राधिकरण, २०८०

८७. २०८० साल पौष महिनामा कुल विद्युत उपलब्धता ८८०७१६ मेगावाट घण्टा रहेको छ। २०८० पौष महिनामा कुल विद्युत माग ८८७४८१ मेगावाट घण्टा रहेको छ। यस महिनामा उपलब्ध विद्युत मध्ये ८७८००१ मेगावाट घण्टा बराबरको विद्युत आन्तरिक खपत भएको छ भने २७१५ मेगावाट घण्टा बराबरको विद्युत भारततर्फ निर्यात गरिएको छ।

८८. २०८० असोज महिनामा सबैभन्दा बढी ४०९६८८ मेगावाट घण्टा बराबरको विद्युत भारततर्फ निर्यात भएकोमा २०८० पौषमा यस्तो निर्यात सबैभन्दा कम २७१५ मेगावाट घण्टा रहेको छ। त्यसैगरी, २०८० पौष महिनामा सबैभन्दा बढी १६४८५८ मेगावाट घण्टा बराबरको विद्युत भारतबाट आयात गरिएकोमा २०८० कार्तिक महिनामा भने भारतबाट विद्युत आयात गरिएको छैन। विद्युत उपलब्धता साउन महिनामा सबैभन्दा उच्च र पौष महिनामा सबैभन्दा न्यून रहेको छ।

**तालिका (२१) : विद्युत उपलब्धता, निर्यात, आयात, माग र खपतको स्थिति**

| विवरण | ईकाइ | आर्थिक वर्ष २०८०/८१ | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | साउन | भाद्र | असोज | कार्तिक | मंसिर | पुस |
| विद्युत् उपलब्धता, मासिक कुल | मेगावाट घण्टा | १४६८४८३ | १४५१०५२ | १४५६२९४ | ११८५१३० | ९७३५७८ | ८८०७१६ |
| विद्युत् निर्यात , मासिक कुल | मेगावाट घण्टा | २५०४६१ | ३०३६९४ | ४०९६८८ | ३७९४२४ | ११५२३५ | २७१५ |
| विद्युत् आयात , मासिक कुल | मेगावाट घण्टा | १०५०१ | १४४२ | ४४२ | ० | २७५२८ | १६४८५८ |
| कुल विद्युत माग, मासिक कुल | मेगावाट घण्टा | १४७५७५८ | १४५३२१७ | १०४९९३५ | ८०६८२१ | ८६०९९८ | ८८७४८१ |
| विद्युतको आन्तरिक खपत, मासिक कुल | मेगावाट घण्टा | १२१८०२२ | ११४७३५८ | १०४६६०५ | ८०५७०६ | ८५८३४३ | ८७८००१ |

स्रोतः नेपाल विद्युत प्राधिकरण, २०८०

## चालु आर्थिक वर्षको पहिलो ६ महिनाको मासिक आर्थिक चर/परिसूचकहरु

| सूचक/परिसूचकहरू | आर्थिक वर्ष २०८०/८१ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ईकाइ | साउनसम्म | भाद्रसम्म | असोजसम्म | कार्तिकसम्म | मंसिरसम्म | पुससम्म |
| **वास्तविक क्षेत्र** | | | | | | | |
| आर्थिक वृद्धि | प्रतिशतमा | वार्षिक लक्ष्य ६.० प्रतिशत | | | | | |
| उपभोक्ता मुद्रास्फीति | प्रतिशतमा | ७.५२ | ८.१९ | ७.५० | ५.३८ | ४.९५ | ५.२६ |
| खाद्य तथा पेयपदार्थ | प्रतिशतमा | ८.९५ | ९.७४ | ८.३८ | ६.०१ | ५.१० | ५.७७ |
| गैर खाद्य तथा सेवा | प्रतिशतमा | ६.४२ | ६.९९ | ६.८१ | ४.८९ | ४.८४ | ४.८५ |
| **सार्वजनिक वित्त** | | | | | | | |
| कर राजस्व | रु. करोडमा | ७०१८ | १२७९६ | १९९४६ | २५४३० | ३३७१९ | ४४३५५ |
| गैर कर राजस्व | रु. करोडमा | ८७० | १३१२ | १९६५ | २२३४ | २६२४ | ५२९५ |
| कूल राजस्व | रु. करोडमा | ७८८७ | १४१०८ | २१९१२ | २७६६४ | ३६३४३ | ४९६५० |
| अन्य प्राप्ति | रु. करोडमा | ९२६ | १३१६ | १५४६ | १६२६ | १७७४ | १८९० |
| जम्मा राजस्व/प्राप्ति | रु. करोडमा | ८८१४ | १५४२४ | २३४५७ | २९२९० | ३८११७ | ५१५४० |
| बाँटफाँट हुने राजस्व (प्रदेश र स्थानीय तहमा (बाँडफाँट अघिको रोयल्टी बाहेक)) | रु. करोडमा | ९५३ | १८०० | २८०० | ३५५८ | ४६९३ | ५७५६ |
| चालु खर्च | रु. करोडमा | १२१४ | ८७६६ | २१३३९ | २७११७ | ३६००० | ४४३०५ |
| पूँजीगत खर्च | रु. करोडमा | ८२ | ८१६ | १७८३ | २९९९ | ३६०६ | ५०४५ |
| वित्तीय व्यवस्था | रु. करोडमा | २२०८ | ३५३१ | ४९३५ | ५४४७ | ५६९४ | ८०१३ |
| कुल सार्वजनिक खर्च | रु. करोडमा | ३५०४ | १३११४ | २८०५७ | ३५५६३ | ४५३०० | ५७३६३ |
| तिर्न बाँकी आन्तरिक ऋण | रु. करोडमा | ११२००९ | ११४०५३ | ११८३५७ | ११८३५७ | ११९७५७ | ११९८०४ |
| तिर्न बाँकी बाह्य ऋण | रु. करोडमा | ११७१७३ | ११७३६३ | ११७७११ | ११७११३ | ११७३६९ | ११८६४४ |
| कुल तिर्न बाँकी सार्वजनिक ऋण | रु. करोडमा | २२९१८१ | २३१४१६ | २३६०६९ | २३५४७० | २३७१२६ | २३८४४९ |
| आन्तरिक ऋण प्राप्ति | रु. करोडमा | १३०६ | ४४२६ | ९७३१ | ९७३१ | १११३१ | १२८३१ |
| बाह्य ऋण प्राप्ति | रु. करोडमा | २७२ | ८०३ | १५५३ | १७४१ | १९९७ | ३४२७ |
| ऋण प्राप्ति (आन्तरिक र वाह्य) | रु. करोडमा | १५७८ | ५२२९ | ११२८४ | ११४७२ | १३१२८ | १६२५८ |
| आन्तरिक ऋणको सावाँ भुक्तानी | रु. करोडमा | २२०८ | ३२८३ | ४२८४ | ४२८४ | ४२८४ | ५९३७ |
| बाह्य ऋणको सावाँ भुक्तानी | रु. करोडमा | १२४ | ४६४ | ८६७ | १६५३ | १६५३ | १८०८ |
| आन्तरिक र बाह्यऋणको सावाँ भुक्तानी | रु. करोडमा | २३३२ | ३७४८ | ५१५१ | ५९३७ | ५९३७ | ७७४५ |
| अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता | रु. करोडमा | १०६३ | १०६३ | १३७८ | ४०६९ | ५८१७ | ५९९८ |
| स्थायी लेखा नम्बर | (सङ्ख्यामा) | ५६३१२१९ | ५६९२६८० | ५७६८०३४ | ५७९७३४६ | ५८५४१२८ | ५९१७९६२ |
| **सार्वजनिक वित्त, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत)** | | | | | | | |
| कर राजस्व | प्रतिशतमा | -०.७ | -२.१ | ५.३ | ३.५ | ११.८ | ९.४ |
| गैर कर राजस्व | प्रतिशतमा | -४.२ | ०.१ | २.३ | ०.२ | ३.२ | ११.६ |
| कुल राजस्व | प्रतिशतमा | -१.१ | -१.९ | ५.० | ३.२ | ११.२ | ९.७ |
| अन्य प्राप्ति | प्रतिशतमा | -११.६ | -२८.६ | -३२.१ | -३२.० | -३५.६ | -३९.२ |
| जम्मा राजस्व/प्राप्ति | प्रतिशतमा | -२.३ | -४.९ | १.४ | ०.३ | ७.५ | ६.५ |
| चालु खर्च | प्रतिशतमा | ११४.५ | -१९.४ | -४.६ | -३.६ | १.६ | -२.७ |
| पूँजीगत खर्च | प्रतिशतमा | -४४.६ | ३९.३ | -९.४ | १४.१ | ६.१ | -५.६ |
| वित्तीय व्यवस्था | प्रतिशतमा | ४६.१ | ७८.८ | ४२.१ | २५.८ | २१.२ | १८.३ |
| कुल सार्वजनिक खर्च | प्रतिशतमा | ५७.४ | -२.४ | ०.९ | १.३ | ४.१ | -०.५ |
| **मुद्रा तथा बैंकिङ** | | | | | | | |
| विस्तृत मुद्राप्रदाय (M2) (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ०.११ | ०.१२ | ०.१४ | ०.१४ | ०.१४ | ०.१४ |
| संकुचित मुद्राप्रदाय (M1) (वार्षिक बिन्दुगत)) | प्रतिशतमा | -०.१० | -०.०४ | ०.०३ | ०.०५ | ०.०२ | ०.०४ |
| एम ३ (M3) (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १०.८ | १२.० | १३.९ | १४.२ | १४.३ | १४.३ |

| सूचक/परिसूचकहरू | आर्थिक वर्ष २०८०/८१ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ईकाइ | साउनसम्म | भाद्रसम्म | असोजसम्म | कार्तिकसम्म | मंसिरसम्म | पुससम्म |
| निक्षेप परिचालन (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ११.९ | १३.२ | १४.९ | १४.३ | १५.० | १४.९ |
| कुल आन्तरिक कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ७.३ | ७.६ | ९.० | ८.८ | ८.५ | ८.६ |
| निजी क्षेत्रमा प्रवाह भएको कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ३.८ | ४.० | ४.८ | ४.४ | ४.५ | ४.९ |
| निक्षेपको व्याजदर (वाणिज्य बैंक) | प्रतिशतमा | ८.० | ८.१ | ७.९ | ७.८ | ७.६ | ७.३ |
| कर्जाको व्याजदर (वाणिज्य बैंक) | प्रतिशतमा | १२.२ | १२.२ | १२.१ | १२.० | ११.९ | ११.४ |
| औषत आधारदर (वाणिज्य बैंक) | प्रतिशतमा | १०.१ | १०.१ | ९.९ | ९.७ | ९.६ | ९.४ |
| वैंक तथा वित्तीय संस्थाहरुको शाखा सञ्जाल (सङ्ख्यामा) | (सङ्ख्यामा) | ११५७४ | ११५६७ | ११५७८ | ११५५५ | ११५७० | ११५६७ |
| नेप्से सुचकाङ्क (मासिक कारोबार भएको अन्तिम दिनको) | रुपैंयामा | २०३३ | १९६५ | १८६५ | १८५२ | १९९५ | २१२१ |
| बजार पूँजीकरण | रु. करोडमा | ३०४३०१ | २९६१३४ | २८६१५२ | २८५३०१ | ३०७६५२ | ३३३०७५ |
| बीमा प्रिमियम सङ्कलन | रु. करोडमा | २३५९ | ३६२२ | ५१२६ | ६२१८ | ७७५१ | ९३६६ |
| बीमाको दायरामा आएको जनसङ्ख्या (म्यादि, लघुम्यादि बैदेशिक रोजगार जीवन बीमालेख सहित) | प्रतिशतमा | ४४.० | ४२.२ | ४३.४ | ४३.० | ४३.१ | ४३.१ |
| **बाह्य क्षेत्र** | | | | | | | |
| चालु खाता | रु. करोडमा | १२९८.५० | २३४९.७१ | ५९०९.३३ | ९६३८.०१ | १४०२३.१८ | १६१६२ |
| चालु खाता (अमेरिकी डलरमा) | दश लाखमा | ९८.४७ | १७७.७० | ४४५.२० | ७२५.१२ | १०५४.०१ | १२१० |
| शोधनान्तर स्थिति | रु. करोडमा | ३२९०.०७ | ५३६०.६४ | ९९०६.५७ | १४७१०.९९ | २१०५८.८४ | २७३५२ |
| शोधनान्तर स्थिति (अमेरिकी डलरमा) | दश लाखमा | २४९.४९ | ४०५.६० | ७४७.१८ | ११०७.८६ | १५८३.९४ | २०६० |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | रु. करोडमा | ११६०१.९१ | २२८३७.१३ | ३६५३३.९२ | ४७७९६.४५ | ६१३२५.३५ | ७३३२२ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | दश लाखमा | ८७९.७८ | १७२६.७५ | २७५५.९९ | ३६०१.५१ | ४६१६.१६ | ५५२० |
| कुल विदेशी विनिमय सञ्चिति | रु. करोडमा | १५७३१२ | १५९८९० | १६४३०९ | १६९६७८ | १७६७०४ | १८१६५७ |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | दश लाखमा | ११८५२.०७ | १२०१२.७८ | १२३३०.९१ | १२७५३.८९ | १३३०५.०० | १३६९० |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु आयात) | महिनामा | १२.५ | १२.६ | १२.४ | १३.६ | १४.१ | १४.५ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा आयात) | महिनामा | १०.३ | १०.३ | १०.३ | ११.३ | ११.८ | १२.१ |
| कुल वस्तु निर्यात | रु. करोडमा | १३५२.८७ | २६४४.७० | ४०८७.४९ | ५०५६ | ६३२१ | ७४९७ |
| कुल वस्तु आयात | रु. करोडमा | १२९२३.९० | २५९७४.९९ | ४०७७५.९० | ५१२५० | ६४२२१ | ७६८१७ |
| कुल वस्तु व्यापार घाटा | रु. करोडमा | ११५७१.०३ | २३३३०.२९ | ३६६८८.४१ | ४६१९४ | ५७९०० | ६९३२० |
| वैदेशिक लगानी आप्रवाह | रु. करोडमा | २६४.६२ | २९९.८१ | ३३७.८८ | ३६४.८९ | ३९३.२५ | ४५४ |
| वैदेशिक लगानी स्वीकृति | रु. करोडमा | ११९३.१८ | १४६२.४२ | १६६०.४३ | १८३५.४३ | २०६१.०६ | २२३३.६५ |
| भ्रमण आय | रु. करोडमा | ४३८.९८ | ९३३.६१ | १७०१.६१ | २५७३.५४ | ३३९४.५९ | ३९५६ |
| भ्रमण खर्च | रु. करोडमा | १७२५.५८ | ३५५९.५० | ५१८०.२९ | ६१९२.३६ | ७५७३.३१ | ९२८७ |
| **बाह्य क्षेत्र, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत)** | | | | | | | |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | प्रतिशतमा | २५.८ | २२.१ | ३०.० | २६.४ | २७.६ | २५.३ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | प्रतिशतमा | २१.५ | १७.७ | २५.९ | २३.१ | २४.५ | २२.६ |
| कुल विदेशी विनिमय सञ्चिति | प्रतिशतमा | ३१.३ | ३४.५ | ३१.८ | ३६.१ | ३६.७ | ३५.८ |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | प्रतिशतमा | २५.८ | २८.५ | ३०.४ | ३२.८ | ३५.८ | ३३.२ |
| वस्तु निर्यात | प्रतिशतमा | -८.७ | -७.८ | -२.३ | -३.८ | -६.१ | -७.२ |
| वस्तु आयात | प्रतिशतमा | -१.६ | -५.१ | १.७ | -७.७ | -३.४ | -३.१ |

| सूचक/परिसूचकहरू | आर्थिक वर्ष २०८०/८१ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ईकाइ | साउनसम्म | भाद्रसम्म | असोजसम्म | कार्तिकसम्म | मंसिरसम्म | पुससम्म |
| वस्तु व्यापार घाटा | प्रतिशतमा | -०.७ | -४.७ | २.१ | -३.३ | -३.१ | -२.६ |
| वैदेशिक लगानी आप्रवाह | प्रतिशतमा | ५४६.१ | २००.५ | ७९.१ | ६३.२ | ६३.० | ७७.५ |
| **अन्य** | | | | | | | |
| कम्पनी दर्ता | सङ्ख्यामा | २१०२ | ४३९५ | ६९७५ | ८०८० | १००४२ | १२००७ |
| विनिमय दर ( $1 = रु. ...) | रुपैंयामा | १३२.४३ | १३२.८० | १३२.९५ | १३२.७४ | १३२.५१ | १३२.३८ |
| विद्युत् उपलब्धता, मासिक कुल | मेगावाट घण्टा | १४६८४८३ | १४५१०५२ | १४५६२९४ | ११८५१३० | ९७३५७८ | ८८०७१६ |
| विद्युत् निर्यात , मासिक कुल | मेगावाट घण्टा | २५०४६१ | ३०३६९४ | ४०९६८८ | ३७९४२४ | ११५२३५ | २७१५ |
| विद्युत् आयात , मासिक कुल | मेगावाट घण्टा | १०५०१ | १४४२ | ४४२ | ० | २७५२८ | १६४८५८ |
| कुल विद्युत माग, मासिक कुल | मेगावाट घण्टा | १४७५७५८ | १४५३२१७ | १०४९९३५ | ८०६८२१ | ८६०९९८ | ८८७४८१ |
| विद्युतको आन्तरिक खपत, मासिक कुल | मेगावाट घण्टा | १२१८०२२ | ११४७३५८ | १०४६६०५ | ८०५७०६ | ८५८३४३ | ८७८००१ |
| पर्यटक आगमन | सङ्ख्यामा | ६७१५३ | १५८१६५ | २७५४७१ | ३८४१०१ | ४८०६६९ | ५५९७६९ |
| श्रम स्वीकृति (नयाँ र पुनःश्रम स्वीकृति) लिने नेपाली | सङ्ख्यामा | ५५५७५ | १०६४५९ | १६२६९४ | २०६३१६ | २७७५९२ | ३४३४०५ |

स्रोतः अर्थ मन्त्रालय/नेपाल राष्ट्र बैङ्क/उद्योग विभाग/कम्पनी रजिष्ट्रारको कार्यालय/विद्युत प्राधिकरण/नेपाल बीमा प्राधिकरण, २०८०

नोटः माथिका तथ्याङ्क एवम् विवरणहरु ईकोनोमिक ल्याब, अर्थ मन्त्रालयबाट सङ्कलन गरिएको हो।